
# लेखापरीक्षण प्रतिवेदन

## बन्दिपुर गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# बन्दिपुर गाउँपालिका, तनहुँ

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/510

विषयःलेखापरीक्षण सम्बन्धमा ।

श्री अध्यक्षज्यू,
बन्दिपुर गाउँपालिका, कार्यपालिकाको कार्यालय,
तनहुँ ।

**कैफियतसहितको राय**

हामीले बन्दिपुर गाँऊपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. १० करोड ६२ लाख ५६ हजार, पर्यटन पूर्वाधार कार्यक्रममा रु १७ लाख २८ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु २० लाख ८० हजार र मुख्यमन्त्री नवप्रवद्धन कार्यक्रममा रु. ६२ लाख ४५ हजार समेत गरी रू ११ करोड ६३ लाख ११ हजार समावेश गरेको छैन।

२ पालिकाको रु १ अर्ब ०५ करोड १७ लाख २६ हजारको लेखापरीक्षण गरिएकोमा रू ४ करोड ३३ लाख ०९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु २ लाख ४७ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु ४ करोड ३० लाख ६२ हजार मध्ये असुल गर्नुपर्ने रू ९ लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९६ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु.३ करोड २४ लाख २९ हजार रहेको छ ।गत वर्षसम्म रु.१६ करोड २७ लाख ६७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १९ करोड ७३ लाख ५७ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३ पालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन ।लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले

अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ।

४ लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८३ | ११७ | ४३३०९८६१ | ० | ९ | २४७३२० | ० | ८३ | १०८ | ४३०६२५४१ | ९८४२०२ | ३२४२८३९६ | ९६४९९४३ | ० | ० | ४२०७८३३९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | १६२७६७००० | ० | ८४७१६४६ | १५४२९५३५४ | ० | ४३०६२५४१ | १९७३५७८९५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | 42.१ | आन्तरिक लेखापरीक्षण बाट देखिएको व्यहोरा | ५,६०० |
| २ | २०७९/८० | 40 | आन्तरिक लेखापरीक्षण बाट देखिएको व्यहोरा | ११,२०० |
| ३ | २०७९/८० | 40 | आन्तरिक लेखापरीक्षण बाट देखिएको व्यहोरा | ७,९०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०७९/८० | ६४ | महङ्गी भत्ता | २४,००० |
| ५ | २०७९/८० | ६१ | सामाजिक सुरक्षा भत्ता बढी निकासा | १२,९३३ |
| ६ | २०७९/८० | ४९ | विद्यालय भौतिक पूर्वाधार निर्माण | ८३,८७,५६९ |
| ७ | २०७९/८० | 40 | आन्तरिक लेखापरीक्षण | ४,१५० |
| ८ | २०७९/८० | ४७ | बढी खर्च | १५,३९४ |
| ९ | २०७९/८० | ६५ | पारीश्रमिक कर | २,९०० |
| १० | २०८०/८१ | ७४.२ | सामाजिक सुरक्षा तर्फ | १८,६६७ |
| ११ | २०८०/८१ | ४२ | प्रशिक्षक भत्ता | १५,३०० |
| १२ | २०८०/८१ | ४८ | पारिश्रमिक कर | १२,९२२ |
| १३ | २०८०/८१ | ८४.२ | आन्तरिक श्रोत परिचालन तर्फ | २,००,४३१ |
| जम्मा | | | | ८७,१८,९६६ |

# (८०४३८५०५३०० - बन्दिपुर गाउँपालिका, तनहुँ )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा छ वडा रहेको छ भने क्षेत्रफल १०२ वर्ग किलोमिटर तथा १८५३२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।०८ देखि २०८१।०९।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ, राजस्वतर्फ धरौटीतर्फ तथा अन्य कारोबारतर्फ गरी जम्मा रु १०५१७२७००० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | शिक्षा तर्फ | ८३०० |
| २ | विक्री तथा वातावरण शुल्कवापतको राजस्व दाखिला | ९१६५७८ |
| ३ | पारिश्रमिक कर | ५२७८५ |
| ४ | पाठ्य पुस्तक निकासा | ८८३० |
| ५ | बैठक भत्ता | ९९१२४ |
| ६ | प्रशिक्षक भत्ता | ७६५० |
|  | जम्मा | १०९३२६७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण परीक्षण तर्फ :**

२.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ९,२७,२४,६६८.१४ | ० | ९,२७,२४,६६८.१४ | ८,२४,९७,०४९.३१ | ० | ८,२४,९७, |
| १३००० | अनुदान | | २८,७७,१२,४२३.४९ | ० | २८,७७,१२,४२३.४९ | ३१,६२,५८,९९४.१० | ० | ३१,६२,५ |
| १४००० | अन्य राजस्व | | २,१४,५३,६५९.४८ | ० | २,१४,५३,६५९.४८ | २,७६,४९,४३०.७२ | ० | २,७६,४९, |
| १५००० | विविध प्राप्ति | | ४१,५६७.०० | ० | ४१,५६७.०० | ९,६२,६३६.८० | ० | ९,६२,६३ |
| क | **कुल जम्मा प्राप्ति** | | ४०,१९,३२,३१८.११ | | ४०,१९,३२,३१८.११ | ४२,७३,६८,११०.९३ | | ४२,७३,६ |
| ३ | चालु | | २७,३५,८८,५३४.९४ | ० | २७,३५,८८,५३४.९४ | २७,८७,००,०५५.३२ | ० | २७,८७,० |
| २१००० | पारिश्रमिक / सुविधा | | १९,४४,६१,८०४.२९ | ० | १९,४४,६१,८०४.२९ | १९,१२,११,१७०.०० | ० | १९,१२,१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ५,८३,८३,६९६.२९ | ० | ५,८३,८३,६९६.२९ | ६,७६,८२,२५२.१७ | ० | ६,७६,८२, |
| २५००० | सहायता (Subsidy) | | १,०८,५७,६५३.३० | ० | १,०८,५७,६५३.३० | ५,९०,५१५.०० | ० | ५,९०,५१ |
| २७००० | सामाजिक सुरक्षा | | ८७,३०,७९३.०६ | ० | ८७,३०,७९३.०६ | ६३,९८,२६१.३५ | ० | ६३,९८,२ |
| २८००० | अन्य खर्च | | ११,५४,५८८.०० | ० | ११,५४,५८८.०० | १,२८,१७,८५६.८० | ० | १,२८,१७, |
| ४ | पूंजीगत | | १२,८५,४०,३२४.२१ | ० | १२,८५,४०,३२४.२१ | १६,३७,१७,७१२.६१ | ० | १६,३७,१ |
| ३१११० | भवन तथा संरचना | | १,८७,२२,५१४.४० | ० | १,८७,२२,५१४.४० | ३,१६,६७,९२४.३७ | ० | ३,१६,६७, |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ५४,२०,६५२.०० | ० | ५४,२०,६५२.०० | १,२८,७०,७५३.७४ | ० | १,२८,७०, |
| ३११३० | अन्य पूँजीगत खर्च | | ५,२१,८५६.९९ | ० | ५,२१,८५६.९९ | १५,४२,७९९.०० | ० | १५,४२,७ |
| ३११४० | सुरक्षा उपकरण | | ० | ० | ० | ७,९५,२९४.०० | ० | ७,९५,२९ |
| ३११५० | सार्वजनिक निर्माण | | १०,१४,११,४११.८२ | ० | १०,१४,११,४११.८२ | ११,४५,४९,३०४.५० | ० | ११,४५,४ |
| ३११६० | निर्मितसरचनाको | | ० | ० | ० | १७,६९,१४४.०० | ० | १७,६९,१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सुधार खर्च | | | | | | | |
| ३११७० | पूँजीगत सुधार खर्च | | २४,६३,८८९.०० | ० | २४,६३,८८९.०० | ५,२२,४९३.०० | ० | ५,२२,४९ |
| ख) | **कुल जम्मा भुक्तानी** | | ४०,२१,२८,८५९.१५ | | ४०,२१,२८,८५९.१५ | ४४,२४,१७,७६७.९३ | | ४४,२४,१ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | (१,९६,५४१.०४) | | (१,९६,५४१.०४) | (१,५०,४९,६५७.००) | | (१,५०,४९ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | | ७१,२८,४६२.१० | | ७१,२८,४६२.१० | ९,२४,३७३.११ | | ९,२४,३७ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | ६९,३१,९२१.०६ | | ६९,३१,९२१.०६ | (१,४१,२५,२८३.८९) | | (१,४१,२५ |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | २०,७१,४१,८००.९५ | | २०,७१,४१,८००.९५ | २२,१२,६७,०८४.८४ | | २२,१२,६ |
| छ) | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | २१,४०,७३,७२२.०१ | | २१,४०,७३,७२२.०१ | २०,७१,४१,८००.९५ | | २०,७१,४ |

२.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न अन्तरसरकारी खर्चलाई सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ :

| क्र.स | खर्चशर्षक | निकासा | खर्च |
|---|---|---|---|
| १ | सामाजिकसुरक्षा | १०६२५६६१० | १०६२५६६१० |
| २ | पर्यटनपूर्वाधार कार्याक्रम | १७२८७०० | १७२८७०० |
| ३ | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | २०८०००० | २०८०००० |
| ४ | मुख्यमन्त्री नवप्रवर्तन | ६२४५९१५ | ६२४५९१६ |
| | **जम्मा** | ११६३११२२५ | ११६३११२२६ |

**एकीकृत आर्थिक विवरण को ढाँचा निम्न रहेको छ ।**

| | आय तर्फ | | | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| क्रस | विवरण | रकम | क्र स | विवरण | रकम |
| १ | **गत वर्षकोजिम्मेवारी** | **२०८८४९११५** | १ | **चालु खर्च** | २७३५८८५३४ |
| | संचित कोष | १९७४८४६२७ | २ | **पुँजीगत खच** | १२८५४०३२४ |
| | विविध खर्चखाता | १८८३५७० | ३ | **विभिन्नकोष खर्च** | **४८११०७७** |
| | धरौटि खाता | ६२०९२२९ | | धरौटी खर्च | २४५९१२५ |
| | कोरोना कोष | १७०७३१६ | | कार्यसंचालनकोष | ० |
| | विभाज्यकोष खाता | १५६४३७३ | | विविध कोषखाता | ० |
| | | | | विविध खर्च | २३५१९५२ |
| २ | **आन्तरिक राजस्व** | **११४९८६६८९** | ४ | **अन्य खर्च** | **११६३११२२६** |
| | आन्तरिकराजस्व | २१०१२९९९ | | सामाजिकसुरक्षा | १०६२५६६१० |
| | जनसहभागिता | ७६६७९५ | | पर्यटनपूर्वाधार कार्याक्रम | १७२८७०० |
| | राजश्वबाँडफाँड | ९३२०६८९५ | | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | २०८०००० |
| ३ | **अनुदान** | **३०६७८८४५०** | | मुख्यमन्त्री नवप्रवर्तन | ६२४५९१६ |
| | संघीयअनुदान | २९१९४९९५० | ५ | **मौज्दात** | **२१२५६५०२८** |
| | प्रदेशअनुदान | १४८३८५०० | | संचित कोष | १९७२८८०८६ |
| ४ | **विभिन्नकोषको आय** | **८७२३५३०** | | कोरोना कोष | १७०७३१६ |
| | धरौटी आय | ५०९५१५२ | | धरौटि खाता | ८८४५२५७ |
| | विविध खर्चखाता | ३६२८३७८ | | विविध खर्चखाता | ३१५९९९६ |
| ५ | **अन्य आय** | **११६३११२२६** | | विविध कोषखाता | १५६४३७३ |
| | सामाजिकसुरक्षा | १०६२५६६१० | | | |
| | पर्यटनपूर्वाधार कार्याक्रम | १७२८७०० | ६ | निकासा फिर्ता | १९८४२८२१ |
| | स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम | २०८०००० | | | |
| | मुख्यमन्त्री नवप्रवर्तन | ६२४५९१६ | | | |
| | जम्मा | **७५५६५९०१०** | | | **७५५६५९०१०** |

२.३ **फरक हिसाब :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१७०७३१५ , यस वर्षको भुक्तानीमा रु ४८११०७७ तथा अन्तिम मौज्दातमा रु १५०८६९४ फरक परेको छ । यसरी सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट नभएकालर् फरक देखिन गएकाले पालिकाले समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ :

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २०७१४१८०० | ४०१९३२३१६ | ४०२१२८८५९ | २१४०७३७२२ |
| एकीकृत आर्थिक विवरणअनुसार | २०८८४९११५ | ४०१९३२३१६ | ४०६९३९९३५ | २१२५६५०२८ |
| फरक | १७०७३१५ | ० | ४८११०७७ | १५०८६९४ |

म ले प २७० मा विभिन्न कोष तर्फको खर्च रु ४८११०७७ समावेश नभएकाले सो रकम फरक देखिएको छ ।

२.४ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १९७२८८०८६ | १९७२८८०८६ | ० |
| चालु खर्च खाता | ० | ० | |
| पुँजीगत खर्च खाता | ० | ० | |
| विविध खर्च खाता | ३१५९९९६ | ३१५९९९६ | |
| कोरोना कोष | १७०७३१६ | १७०७३१६ | |
| स्थानीय विभाज्य कोष | ० | ० | |
| कर्मचारी कल्याण कोष खाता | १५६४३७३ | १५६४३७३ | |
| धरौटी | ८८४५२५७ | ८८४५२५७ | |
| ग१.१, आन्तरिक राजस्व खाता | | २०७१२५५९ | श्रावण १५ रकम संचित कोषमा दाखिला भईसकेको । |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | 0 | ६५२८५३ | श्रावण १५ मा रकम संचित कोषमा दाखिला भईसकेको । |
| **जम्मा** | | | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

३ **बजेट अवण्डा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.३४००००० अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजनामा रु.२५५७००० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | साना सिँचाई कार्यक्रम | १२००००० |
| २ | विपद व्यवस्थापन कोष | २२००००० |

४ **बजेट तथा कार्यक्रम तर्फ :**

४.१ बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.२ **बजेट पेश, पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु ५५ करोड ४९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।१४मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

४.३ **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा

श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

४.५ **आवधिक योजना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

५ **बजेट तथा कार्यक्रम :**

५.१ **योजना प्राथमिकीकरण :** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १५१ वडागत र १०५ पालिकास्तरका कुल २५६ योजनामा वजेट विनियोजन गरेको छ :

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १०५ | १५ | २४ | ६६ |
| २. | वडास्तरीय | १५१ | ० | १५ | १३६ |
| | | २५६ | १५ | ३९ | २०२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १९० योजनामात्र कार्यान्वियन भई ६६ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

५.२ **क्षेत्रगत बजेट र खर्चको स्थिति :** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ :

| क्र स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशन |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ४११२०००० | २१७०७१८३ | ५.४० |
| २ | सामाजिकविकास | २३०९७३००० | १९६२७०६३२ | ४८.८१ |
| ३ | पूर्वाधारविकास | १६०६५५००० | ८७६७५३१२ | २१.८० |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ९४८०००० | ७१९२२३० | १.७९ |
| ५ | कार्यालयसंचालन तथा प्रशासनिक | ११४३८६००० | ८९२८३५०० | २२.२० |
| जम्मा | | ५५६६१४००० | ४०२१२८८५७ | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ४८.८१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा १.७९ प्रतिशत खर्च गरेको छ ।पालिकाले दीर्घकालिन लाभ प्रदान दिने योजनामा लगानी बढाउनुपर्दछ ।

५.३ **खर्च बिश्लेषण :** गाँऊपालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु राजस्व बाँडफाँड र अनुदानबाट रु ३८०१५२५२२ समेत रु ४०१९३२३१६ आम्दानी भएकोमा चालु तर्फ रु २७३५८८५३४ र पूँजिगत तर्फ रु १२८५४०३२४ समेत रु ४०२१२८८५८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.८४ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु ७७४३५६० खर्च भएको छ जुन आन्तरिक आयको ३७.४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१.९ प्रतिशत चालु र ३३.८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ :

५.४ **लक्ष्य प्रगति :** कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ :

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | २५६ | ६६ | २ | १० | ३३ |

५.५ **त्रैमासिक पूँजीगत खर्च :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ :

| | कूलखर्च | प्रथम | दोस्रो | तेस्रो | चौथो | अषाढ |
|---|---|---|---|---|---|---|
| पूजिगतकूल खर्च | १२८५४०३२४ | ४०८०१८ | २३२९३४१२ | ३०८२११२८ | ७४०१७७६६ | ३७८२१३२९ |
| प्रतिशत | १००.०० | ०.३२ | १८.१२ | २३.९८ | ५७.५८ | २९.४२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १२८५४०३२४ पूँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ४०८०१८(०.३२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २३२९३४१२ (१८.१२ प्रतिशत) , तेस्रो त्रैमासिकमा रु ३०८२११२८ (२३.९ प्रतिशत) तथा अन्तिम त्रैमासिकमा रु. ७४०१७७६६( ५७.९८) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु ३७८२१३२९ (२९.४२ प्रतिशत) खर्च देखिएको छ । यसरी अन्तिम ३ महिनामा सम्पुर्ण पुँजीगत बजेटको आधा भन्दा वढी भाग खर्च भएकाले खर्चको चाप अन्तिम समयमा बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

६ **सम्पतिको उपयोग र संरक्षण तर्फ :**

६.१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ :

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | विभिन्न | १४०२५ वर्ग मिटर | ६८१५००६ | बन्दिपुर गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य चौकी समेतको |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न मिति | २५ | १५९६७४२२ | |
| उपकरण (रु.१ लाखभन्दा बढी) | विभिन्न मिति | २० | ५८१८०६६ | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | विभिन्न मिति | २ | ६९५०००० | |
| अतिक्रमणमा परेको जग्गा | | | | अभिलेखमा नभएको |

६.२ **जिन्सी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## ७ कानून निर्माण एंव कार्यान्वयन तर्फ :

७.१ **कानून र सञ्चालन स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले हालसम्म २८ वटा ऐन, ६ वटा नियमावली, ४९ कार्यविधि लगायत ९३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले यस वर्ष ३ ऐन, ५ कार्यविधि तथ १ मापदण्द गरी जम्मा ९ वटा कानूनहरु निर्माण गरी सभा तथा कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

७.२ **न्यायिक समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन

बाँकी नभएको र यो वर्ष थप भएको ८ विवाद दर्ता भएकोमा ४ वटा मात्र फर्स्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

८ **सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र वटा ३४ सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन ।साथै पालिकाले सहकारी तालिम संचालन गरी रु ९९००० खर्च गरेको देखिन्छ ।सहकारी व्यवस्था हर्ने जिम्मेवार पदाधिकारीले प्रभावकारी रुपमा अनुगमन गरेको देखिएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे तथा समस्याग्रस्त सहकारीको संख्या, कारण, उजुरी तथा गुनासो सम्बन्धी व्यहोरा अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

९ **सार्वजनिक परिक्षण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।यसबाट सर्वजनिक निकायको नागरिक प्रतिको जवाफदेहिता मा कमी आँउन सक्ने भएकाले तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

१० **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १२, ८५,४०,३२४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

११ **फोहरमैला व्यवस्थापन :**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

१२ **लागत सहभागिता :**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

१३ **आन्तरिक आय तर्फ :**

१३.१ आय अनुमान : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२०३५८७०५ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.२०६९४८७३ अर्थात अनुमान भन्दा १०१.६ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

१३.२ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ :

| केन्द्रीय अनुदानबाट खर्च संघिय अनुदान | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २७२४५००९९ | २०६९४८७३ | ७.५९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.१५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३.३ **कर तथा शुल्क असुली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ :

| खर्चशिर्षक | अनुमान | वास्तविक | प्रतिशत |
|---|---|---|---|
| ११३१३ सम्पति कर | १८००००० | १८६०४५४ | १०३.३६ |
| ११३१४ भुमिकर/मालपोत | २८००००० | २३५०६७५ | ८३.९५ |
| ११३१७ वहाल कर | १०००००० | ४३८०५७६ | ४३८.०६ |
| ११३१८ वहाल विटौरी कर | ७२,६२७.०० | १२,०२५.०० | १६.५५ |
| ११६९१ अन्य कर | ७००००० | ४,१४५.०० | ०.५९ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ११५०००० | ४५०६०० | ३९.१८ |
| १४२२४ परीक्षा शुल्क | ९,५७०.०० | १०,९००.०० | ११३.९ |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ४५,८४८.०० | १४५००० | ३१६.२६ |
| १४२४१ पार्किङ्ग शुल्क | २००००० | ११५६४५ | ५७.८२ |
| १४२४२ नक्सापास दस्तुर | ६४३९११ | १७३२९८९ | २६९.१३ |
| १४२४३ सिफारिश दस्तुर | ३२७४१६७ | ३२८१६०२ | १००.२३ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३९०३०२ | ५२८४९८ | १३५.४१ |
| १४२४५ नाता प्रमाणित दस्तुर | २१२५६४ | २३४८२३ | ११०.४७ |
| १४२४९ अन्य दस्तुर | १०००००० | २४३५५७९ | २४३.५६ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | २९६५११६० | १८३१२९२ | ६१.७६ |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ९४,२२६.०० | १०५६०० | ११२.०७ |
| विज्ञापन | ३००,०००.०० | २१६००० | ७२. |
| दहत्तर बहत्तर | २,५००,०००.०० | ९८१००० | ३९.२४ |
| १४५२९ अन्य राजस्व | १२००३३० | १७,४७०.०० | १.४६ |
| जम्मा आन्तरिक आय | २०३५८७०५ | २०६९४८७३ | १०१.६५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१३.४ **राजश्व बाँडफाँड :** स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| प्राकृतिक स्रोतको आय तथा अन्य बाँडफाँड गर्नुपर्ने आय | २७५१२९२ | ४० | ७०४६७४ | ० |

१३.५ **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १८३१२९२ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन

गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायी/ करदाताको नक्सांकन(Taxpayer mapping) अध्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१३.६ **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।

१४ **रकमान्तर खर्च :**

बन्दीपुर गाउँपालिकाको विनियोजन ऐन, २०८० को दफा २ मा २५ प्रतिशतमा नवढ्ने गरी बचत भएको शीर्षकबाट कमी भएको शीर्षकमा रकमान्तर गर्ने सकिने तथा पूँजिगत खर्चमा विनियोजन भएको रकम साँवा भुक्तानी बाहेक अन्यत्र रकमान्तर गर्ने नपाइने उल्लेख छ ।पालिकाले आ.व २०८०।०८१ मा ४६ खर्च शीर्षकमा घटाई रु १९७२५००० तथा १०३ शीर्षकमा थप गरी कूल रु २२७२५००० रकमान्तर गरेको देखिन्छ । अत: यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

१५ **अवकास कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.१५६४३७३ ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कार्यविधि व्यवस्था नगरी पालिकाले विनियोजनबाट कल्याणकारी कोषमा रकम जम्मा गरेकाले यसको उपयोगिताको बारे स्पष्ट हुन सकेको देखिँदैन ।तसर्थ, कर्मचारी कल्याणकारी कोषमा रकम ट्रान्सफर गर्न यथाशिघ्र कार्यविधि तयार गरी कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१६ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ३७ जनालाई औसत ७१ दिनले २६५५ दिन रोजगारी उपलव्ध गराई रु २६६३००० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

१७ **सफ्टवेयर खरिद :**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. १९५००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| क्र.सं | कार्यक्रमकोनाम | खरिदगरेकोबर्ष | सफ्टवेयर खरिद खर्च | यो बर्षको बार्षिक मर्मत सभार खर्च | हाल सम्मको मर्मत सभार खर्च |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालयमा सूचना प्रविधि जडान | २०८०।०८१ | १९५००० | नभएको | नभएको |

१८ **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१९ **परामर्स तथा डीपीआर खर्च :**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| सँस्कृतिक केन्द्र निर्माण | **इन्फास्ट्रक्चर इन्जिनियरिङ्ग** | **१५०००००** | **१२३३०००** | **उपलब्ध नभएको।** |
| ओ एण्ड एम सर्भे | **स्नोही ट्रेरिनिन इनर्जी** | ४००००० | ३९४००० | पारमर्श सेवा भएकाले कूल लागत नहुने । |
| माटो परिक्षण | **पेसो कन्सल्टेन्सी** | १००००० | ९८००० | परामर्श सेवा भएकाले कूल लागत नहुने । |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

२० **सार्वजनिक परीक्षण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन ।यसबाट सर्वजनिक निकायको नागरिक प्रतिको जवाफदेहिता मा कमी आँउन सक्ने भएकाले तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२१ **म्याद ननाघेको पेश्की :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्न निकाय तथा संस्थालाई रु.१५८८०४७ पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्योट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ :

| सिन | पेश्कीलिनेको नाम | पेश्कीलगेको मिति | विवरण | रकम |
|---|---|---|---|---|
| १ | प्रेमकन्स्ट्रक्सन | २०८०।९।१७ | समपुरक कोष | ९९००० |
| २ | प्रेमकन्स्ट्रक्सन | २०८०।९।१८ | बन्दीपुर-बाहुनभन्ज्यांग-झारगाउँ -धरमपानी सडक स्तरोन्नति(क्रमागत) | ९९००० |
| ३ | जगदम्वाकन्स्ट्रकसन | २०८०।२।२८ | बन्दिपुररिङरोड | ३४०९३६ |
| ४ | जगदम्वाकन्स्ट्रकसन | २०८०।२।२८ | सडक बोर्डर झोलुङ्गे पुल साझेदारी | ६९०००० |
| ५ | जगदम्वाकन्स्ट्रकसन | २०८०।२।११ | बन्दिपुररिङरोड | ३५९०६४ |
| | **जम्मा** | | | **१५८८०००** |

२२ **गत वर्षको भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु. १५२२००० भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी गर्दा भुक्तानी बाँकीको कच्चाबारी प्रमाणित गरी बजेट विनियोजन गरी आगामी वर्षमा भुक्तानी दिनुपर्दछ ।यस सम्बन्धमा भुक्तानी भएको व्यहोरा निम्न छनः

| क्र.स. | योजनाकोनाम | रकम |
|---|---|---|
| १ | कुचिलाफेददेखि पुलसम्म जोड्ने नयाँ ट्रयाक निर्माण वडा नं. ६ (क्रमागत) | २००००० |
| २ | सेराटारबगैंचामा कुलामा जाली र स्ल्याब निर्माण (क्रमागत) | ४८००० |
| ३ | विरौटाखानेपानी टंकी निर्माण, वडा नं. ३ (क्रमागत) | ४१००० |
| ४ | सांस्कृतिककेन्द्रको डि.पि. आर निर्माण क्रमागत | १२३३००० |
| | **जम्मा** | **१५२२०००** |

२३ **तलबी प्रतिवेदन :**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १७ कर्मचारीको रु.१०९०५१८० र पालिकाका २८ कर्मचारीको रु.१८२१४०८९ समेत रु.२९११९२६९ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२४ **बिल भरपाई :** (१६७-२०८१-२-१७):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । त्यसैगरी उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले Upgrading of Bandipur Bahunbhanjyang Dharampani Road (BRM/NCB/WORKS/05/2079/80) निर्माण कार्यको निर्माणकर्ता सतगुण निर्माण सेवालाई भुक्तानीगर्दा

प्रोभिजनल सम अन्तर्गतको रु.३०,००० रकमको भुक्तानी गर्दा निर्माणकर्ताले पेश गरेको वास्तविक खर्चको बिल भरपाईको आधारमा मात्र भुक्तानी गर्नुपर्नेमा उक्त विल विजकनै संलग्न नगरी निर्माण कर्ताको विजकमा एकमुष्ट उल्लेख गरी भुक्तानी दिएको देखियो। अत:संलग्न विल विजकको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००० |

२५ **स्वकिय सचिव :**

गण्डकी प्रदेशले जारी गरेको गाँउसभा, नगरसभा र जिल्ला समन्वय समितिको सदस्यले पाउने सुविधा सम्बन्धि ऐन, २०७६ मा गाउपालिका अध्यक्षले आन्तरीक स्रोतवाट खर्च गर्नुपर्ने भएकोमा सो नगरि पालिकाले संघीय राजश्व वाडफाडवाट अमीर गुरुङलाई सहायक चौथोको रुपमा नियुक्त गरि वार्षिक रु.४३७७२६ खर्च गरेको देखिन्छ।

२६ **दरवन्दी बाहिरको करार सेवा :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरि संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्वर, ईलेक्ट्रिसियन, चौकिदार, माली, बगैचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था छ । देहायका १२ जना कर्मचारी दरबन्दी बाहिर राखी पालिकाले रु.४६२४३००।- खर्च गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु.

| **कर्मचारीको नाम** | **कार्यरत पद** | **भुक्तानी रकम** |
|---|---|---|
| सन्तोष ठकुरी | चौथो तह( ना.प.स्वा.प्रा) | ४२७७२६ |
| मन्दिया श्रेष्ठ | चौथो तह( ना.प.स्वा.प्रा) | ४२७७२६ |
| केशव डाँगी | चौथो तह अमिन | ४२७७२६ |
| वन्दना लामा गुरुङ्ग | चौथो तह प्रशासन | ४२७७२६ |
| काशीनाथ भट्टराई | चौथो तह प्रशासन | ४२७७२६ |
| समीक्षा थापा | चौथो तह प्रशासन | ४२७७२६ |
| पार्वती नेपाली | अ.हे.व चौथो | २९९००० |
| पल्लवी सुवेदी | नेत्र सहायक पाँचौ | ३३६८४६ |
| भावना श्रेष्ठ | दन्त सहायक(पाँचौ) | १३८९२० |
| निर्मला थापा | अ.दे.व चौथो | ४२७७२६ |
| सुनिता थापा | ल्याव असिष्टेन्ट | ४२७७२६ |
| रमा कार्यस्थ | अ.हे.व चौथो | ४२७७२६ |
| **जम्मा** | | **४६२४३००** |

| | |
|---|---|
| अनियमित भएको | ४६,२४,३०० |

२७ **आर्थिक सहायता :**

सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउन नहुने व्यवस्था सार्वजनिक

खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ । साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ । पालिकाले आर्थिक सहायताको यस आ.व मा कार्यविधि तयार नगरी पालिकाको चालु खर्चतर्फ रु.७०००००‌ बजेट विनियोजन भएकोमा विभिन्न भौचरवाट रु.७०००००आर्थिक सहायता वितरण गरेको देखियो । यस्ता प्रकृतिको आर्थिक सहायता वितरण गर्नुपुर्व आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको, तोकादेशमा भुक्तानी दिने गरेको देखियो । पालिकाले ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण, आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन । उत्पादनशील क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ ।केही उदहारण :

| गो.भौ.नं र मिति | खर्च शिर्षक | भुक्तानी पाउने | आर्थिक सहायता रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ९११/२०८१।०३।२२ | विपन्न वर्ग,अति गरिब परिवारका लागी स्वास्थ्य सेवा राहत तथा स्वास्थ्य विमा नवीकरण कार्यक्रम | रञ्जु गुरुङ | १०००० | |
| ८९६/२०८१/०३/२१ | सूचना अधिकारी वैठक व्यवस्थापन खर्च | जिल्ला सहकारी संघ लि. | २५००० | |
| ६०८/२०८१/०२/०२ | आर्थिक सहायता | सरिष्मा थापा | १४००० | पक्षघात रोग लागेको |
| १४/२०८०।०५।२५ | आर्थिक सहायता | संगिता शाही | ७००० | |
| ५७/२०८०।०६।१४ | आर्थिक सहायता | मन माया सार्की | ६००० | डेङ्गु संक्रमण |
| ७१/२०८०।०६।२२ | आर्थकि सहायता | सुशिला थापा | ५००० | आर्थकि अवस्था कमजोर भएको |
| | आर्थिक सहायता | बुद्धिमान नेपाली | ६००० | बिरामि भएको |
| | आर्थिक सहायता | बिमला भुजेल | ५००० | मानसिक अस्वस्था भएको |
| ११६/२०८०।०७।०२ | आर्थिक सहायता | योबन कायस्थ | १०००० | विरामि भएको |
| २०७/२०८०।०९।०१ | आर्थिक सहायता | कर्ण बहादुर बि.क. | ५००० | फोक्सो सम्बन्धि रोग लागेको |
| | आर्थिक सहायता | धन बहादुर भुजेल | ५००० | हात खुट्टा नचल्ने भएकोले |
| २२२/२०८०।०९।०५ | आर्थिक सहायता | सन्देश रम्तेल | ४००० | शारिरिक रुपमा अशक्त भएकोले |
| ४८६/२०८०।१२।२६ | आर्थिक सहायता | बिनोद गानधारी | ८००० | घर छती |
| ३८४/२०८०।११।२४ | आर्थिक सहायता | श्रीराम अमगाई | १५००० | विरामी |
| ३३८/२०८०।११।०८ | आर्थिक सहायता | तिल कुमारी कार्की | १०००० | विरामी |
| २२७/२०८०।०९।०८ | आर्थिक सहायता | विर बहादुर पुर्जा | १०००० | चोटपटक लागेको |
| २४६/२०८०।०९।२२ | आर्थिक सहायता | छविलाल थापा | ५०००० | मृगौला रोगी |

२८ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

**बजेट व्यवस्थापन तर्फ:**

• स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याङ्क संकल्न,अभिलेखाङ्कन र व्यवस्थापन नगरेको,

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार नगरेको,

• दिगो विकार लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरीकिकरणको लागि एकिकृत दिर्घकालीन योजना तयार नगरेको

• स्थानीय तहले कार्यक्रम संचालन जस्तै:बैठक भत्ता,तालिम,गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको

**भ्रमण खर्च व्यवस्थापन तर्फ:**

• भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउदा भ्रमण अभिलेख व्यवस्थित नगरेको,

• नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण पश्चात भ्रमण प्रतिवेदन तयार नगरेको,

**खरिद व्यवस्थापन तर्फ:**

• सार्वजनिक खरिद ऐन,२०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सिमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ।स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

• एकै प्रकृतिको खरिदलाई टुक्रा टुक्रा गरी खरिद गरेको,

• खरिद कार्यको लागत अनुमान अध्यावधिक नगरेको

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• संचालित योजनाहरुको उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई नगरेको,

• स्थानीय तहले नियममा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको,

**शिक्षा तर्फ:**

• स्थानीय तहले स्थानीय तहभित्रका अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन।मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको,

• शिक्षा नियमावली,२०५९ को परिच्छेद ३ नियम १६ मा नं.(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

**विविध तर्फ:**

• आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वियन गर्न आन्तरिक नियन्त्रण अनुगमन समिति गठन नगरेको,

• भुक्तानी कारोवारको सिफारिस पत्र (म ले प फा नं.२०२) प्रयोग नगरेको,

• मुल्यअभिवृद्धि कर नियमावली,२०५३ को नियम ६(क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धि आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा ई टि डि एस गरेको,

• कार्यालयले उद्वेश्य प्राप्तिमा आई पर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरनको प्रयास गरेको अभिलेख नराखेको,

• कुनै रकम भुक्तानी दिदाँ रित पुगे नपुगेको जाँच गरी रसिद वील भरपाईहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• विविध खर्च गर्दा होटेलको बिल पेश भएको भएता पनि कार्यालय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन। खर्चको स्पष्ट उद्वेश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र बिल मात्र राखी खर्च गर्ने परिपाटि नरहेको,

• विभिन्न कार्यक्रमहरुको अनुगमन वापत भत्ता भुक्तानी भएकोमा अनुगमन प्रतिवेदन पेश नभएको,

• आवश्यकता तथा उपयोगिता विश्लेषण नगरी जिन्सी सामान खरिद गर्ने गरेको, भण्डारमा मौज्दातको लागि खरिद गर्ने गरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोवार तथा खाता संचालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समिति तथा सोको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा नगरेको,

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

२९ **विलम्ब शुल्क :**

प्रदेश खर्चको मापदण्ड ,२०७९ को दफा १६ मा पानी , बिजुली, टेलिफोनको महसुल तोकिएको समयमा नै भुक्तानी गर्दा छुट पाउने भए समयमा नै भुक्तानी गरी जरिवाना नतिर्ने व्यवस्था मिलाउनु पर्ने ब्यवस्था छ । पालिकाले निम्नानुसारका भौचर नं/मितिबाट धारा तथा विजुली महसुल भुक्तानी गर्दा जरिवाना वापत अतिरिक्त शुल्क रु.२५३०१ भुक्तानी गएको छ। पालिकाले समयमा महसुल भुक्तानी नगर्दा अतिरिक्त आर्थिक भार पर्न गएको कार्य नियम सम्मत नदेखिएको रु.

| क्र.स | गो.भौ.न. | विवरण | जरिवाना रकम रु. |
|---|---|---|---|
| १ | ४६/२०८०/६/१० | पशुपन्छी विकास शाखाडुम्रे, विद्युत महशुल | ९९२.३० |
| २ | ४६/२०८०/६/१० | ५ नं. वडाकार्यालय, विद्युत महशुल | ५० |
| ३ | १३२-२०८०/७/२२ | पिप्लेआधारभूत स्वस्थ्य केन्द्र, खानेपानी महशुल | ६० |
| ४ | २११-२०८०/९/४ | बसपार्क, अस्पताल र गाउँपालिकाको खानेपानी महशुल | ९५८६.५० |
| ५ | २५६-२०८०/९/२४ | पशुपन्छीविकास शाखा डुम्रे, विद्युत महशुल | ७११.२१ |
| ६ | ३४५-२०८०/११/९ | आधारभुतस्वास्थ्य इकाई सुकौरा, विद्युत महशुल | ४०६४ |
| ७ | ५२४-२०८०/१२/२८ | पशुपन्छीविकास शाखा डुम्रे, विद्युत महशुल | ६४९ |
| ८ | ५६०-२०८१/१/१४ | बन्दीपुरगा.पा. खानेपानी महशुल | ३९६ |
| ९ | ५६०-२०८१/१/१४ | बन्दीपुरबसपार्क- खानेपानी महशुल | १४५ |
| १० | ५६०-२०८१/१/१४ | बन्दीपुरअस्पताल- खानेपानी महशुल | १३६८ |
| ११ | ६०४-२०८१/२/१ | पिप्लेआधारभूत स्वस्थ्य केन्द्र, खानेपानी महशुल | ७५ |
| १२ | ६०४-२०८१/२/१ | पशुपन्छीविकास शाखा डुम्रे, विद्युत महशुल | १६५१ |
| १३ | ७३४-२०८१/३/११ | कुकुर्दीआधारभूत स्वास्थ्य सेवा केन्द्र, विद्युत महशुल | १९४ |
| १४ | ७८४-२०८१/३/१४ | बन्दीपुरगा.पा.- विद्युत महशुल | ८८९ |
| १५ | ७३८-२०८१/३/११ | बन्दीपुरअस्पताल- विद्युत महशुल | ४४७० |
| | | **जम्मा** | **२५३०१** |

| अनियमित भएको | २५,३१० |
|---|---|

## ३० **जिन्सी दाखिला :**

३०.१ (२०९-२०८१-३-७):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी प्राप्त हुन आएको सम्पति तथा जिन्सी मालसामानको विवरण र मूल्य खुलाई सम्पति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, गराउनुपर्न व्यवस्था छ । पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुका लागि स्वास्थ्य शाखाबाट खरिद तथा निर्माण गरिएको ३ थान पोषण कर्नर (र्‍याक) जिन्सी किताबमा आम्दानी नबाधेको देखिएकाले सो को तोकिएबमोजिम आम्दानी बाँधी प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४९,००० |
|---|---|

३०.२ (१४७-२०८०-७-२४):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसमान मर्मत सम्भार गर्नु पर्ने भए सो को लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले कार्यालय प्रमुखलाई दिनुपर्ने र सो जानकारी प्राप्त भएपछि त्यस सम्बन्धि विशेषज्ञ वा दक्ष कर्मचारी वा त्यस्तो काम गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गरी स्वीकृत गर्नु पर्ने र लागत अनुमान स्वीकृत भएपछि आफ्नो मर्मत केन्द्र नभएको सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन र नियमावलीले तोकेको प्रकृया

अपनाई मर्मत गराउनुपर्ने व्यवस्था छ ।पालिकाले उल्लेखित कानूनी प्रकृया नअपनाई देहायका मर्मत सिधै गरेको,मर्मत कार्यमा फेरिएका सामानहरु स्टोर फिर्ता गरेको प्रमाण संलग्न गरेको नदेखिएकोले फेरिएको सामानहरु स्टोर दाखिला गर्नुपर्ने रु.

| क्र.स. | गो.भौ. | मर्मतको विवरण | मर्मत खर्च रु. |
|---|---|---|---|
| १ | १४७-२०८०/७/२४ | ग १ झ २६६ नं. को कार्यालयको गाडी मर्मत- आ.आ.आटि मोवाइल्स वर्क सप ग्यारेज | २१५८८.९७ |
| २ | १४७-२०८०/७/२४ | ग १ द २५२ नं. को ट्याक्टर मर्मत- आर.आर. अटो मोबाइल्स वर्कसप ग्यारेज | ९२५८९.६० |
| ३ | ३८०-२०८०/११/२३ | ग १ झ २६६ नं. को कार्यालयको गाडी मर्मत- सोयता मोटर्स पार्टस | ९८३३५ |
| ४ | ४३४-२०८०/१२/८ | ग १ द २५२ नं. को ट्याक्टर मर्मत- आर.आर. अटो मोबाइल्स वर्कसप ग्यारेज | २९९०० |
| ५ | ५४८-२०८०/१२/३० | बा २ झ ३८६४ नं. को कार्यालय गाडी मर्मत- सनराइज अटो वल्ड,पोखरा | ८५००० |
| ६ | ६२०-२०८१/२/४ | ग १ झ २६६ नं. को कार्यालयको गाडी मर्मत- सोयता मोटर्स पार्टस | ८४१०० |
| ७ | ९६८-२०८१/३/२४ | सवारी साधन मर्मत | ११७१४७.१० |
| | | **जम्मा** | **५२८६६०.६७** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२८,६६० |

## ३१ मु अ कर दर्ता :

सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १९ मा सार्वजनिक निकायले बिस हजार रुपैया भन्दा बढीको कुनै पनि प्रकारको खरिद कार्य गर्दा स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति , फर्म , सस्था वा कम्पनिबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले संचालन गरेको अस्पतालमा भर्ना भई बसेको विरामीहरुलाई लागि खाद्यान्न आपुर्तिको लागि कोटेशन आहवान नगरी सोझै अनु खाजा घर सँग २०९०।१०।०३ मा सम्झौता गरी यस वर्ष रु.४६२८३० भुक्तानी भएको नियम सम्मत नदेखिएको रु.

| गो.भौ.नं./मिति | विल रकम |
|---|---|
| १११/२०८०/०७/०१ | १२०८९० |
| ३२९/२०८०/१०/१६ | १६५८०० |
| ५३८/२०८०/१२/२८ | ९८२७० |
| ८४०/२०८१/०३/१८ | ७७८७० |
| **जम्मा** | **४६२८३०** |

| | |
|---|---|
| अनियमित भएको | ४,६२,८३० |

## ३२ मु अ कर कट्टी :

मुल्य अभिवृद्धि कर नियमावली २०५३ नियम ६(ग) करार अन्तर्गत आपूर्ति हुने बस्तु/सेवा वापतको रकम सम्बन्धितलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरिदिनुपर्ने व्यवस्था छ। पालिकाले निम्न व्यक्ति/फर्मको मुल्य अभिवृद्धि कर १३ प्रतिशतको ३० प्रतिशत कट्टि गरी पालिकाले सोझै राजश्व खातामा दाखिला गर्नु पर्नेमा गरेको देखिएन। अत: पालिकाले उक्त रकम जम्मा गरेको प्रमाण प्रमाण पेश गर्नुपर्ने अन्याथा असुल गर्नुपर्ने रु.

| क्र.स. | गो.भौ. | कारोबारकोविवरण | भुक्तानीपाउनेको नाम | भुक्तानीरकम | जम्मामू अ कर रकम | कट्टिगर्नुपर्ने मु अ कर रकम |
|---|---|---|---|---|---|---|
| १ | ८९७-२०८१/३/२१ | हलुका सवारी चालक तालिम | सिद्धगुफा ड्राइभिङ्गप्रशिक्षण केन्द्र, डुम्रे | ४२०१५५ | ४८३३७ | १४५०० |
| २ | ९१६-२०८१/३/२३ | औषधीजन्यसमाग्री खरिद | चिरायुसर्जिकल सप्लायर्स, पोखरा | ९९८१२ | ११४८३ | ३४४५ |
| | | | **जम्मा** | | | **१७९४५** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,९४५ |

## ३३ कर कट्टी :

३३.१ आयकर ऐन २०५८ को दफा ८८ १(५) मा भाडा भुक्तानीमा १० प्रतिशतका दरले कर कट्टि गर्नुपर्ने व्यवस्था छ ।पालिकाले बिभिन्न समयमा सवारी साधन प्रयोग गरी देहायबमोजिम भाडा भुक्तानी गर्दा घटी कर कट्टि गरी भुक्तानी गरेकोले बाँकी कर रकम रु.५८५१ सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| क्र.स | गो.भौ. | भुक्तानीको विवरण | भुक्तानी रकम | कर कट्टि गर्नुपर्ने रकम | कट्टि गरिको कर | बाकी असुल हुनुपर्ने कर |
|---|---|---|---|---|---|---|
| १ | १६२-२०८०/८/१९ | सुदिप श्रेष्ठ | ८७०० | ८७० | २१७ | ६५३ |
| 2 | १७०-२०८०/८/२१ | सुरेश श्रेष्ठ | २१००० | २१०० | ५२५ | १५७५ |
| ३ | २६६-२०८०/९/२५ | कमल अटो इन्जिनियरिङ्ग - किसान बहादुर मल्ल | ३०००० | ३००० | ७५० | २२५० |
| ४ | ३५२-२०८०/११/११ | सुदिप श्रेष्ठ | ९३०० | ९३० | २३२ | ६९८ |
| ५ | ३५८-२०८०/११/१४ | सुजन गुरुङ्ग | ९००० | ९०० | २२५ | ६७५ |
| | | **जम्मा** | | | | **५८५१** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,८५१ |

३३.२ आय कर ऐन,२०५८ को दफा ८८,८९ र ९० मा पारिश्रमिक आयमा तोकेको दरमा अग्रीम रुपमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीमा रु.७९४४ घटी कर कट्टी गरेकोले उक्त कर रकम संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| गो.भ.नं.मिति | विवरण | विल रकम | करको दर (%) | कट्टि गरेको | कर कट्टि गर्न वाकी |
|---|---|---|---|---|---|
| ८८७/२०८१।०३।२१ | घाँस विउ खरिद | १३२००० | १.५ | ९९० | ९९० |
| ८७३/२०८१।०३।२१ | N WASH गणक पारिश्रमिक (सरिता गुरुङ) | ७००० | १५ | ७० | ९८० |
| ८७३/२०८१।०३।२१ | N WASH गणक पारिश्रमिक ( सिता शर्मा भण्डारी) | ७००० | १५ | ७० | ९८० |
| ७७३/२०८१।०३।१३ | गाई भैसिका लागि ५०% अनुदानका लागि काउ म्याट खरिद | ९७५०० | १.५ | ७३१ | ७३१ |
| २४१/२०८१।०३।१७ | मकै वाली प्रवर्द्धन कार्यक्रम | २३७६९९ | १.५ | १८९२ | १६७३ |
| २५८/२०८१।०३।२० | मकै वाली प्रवर्द्धन कार्यक्रम | ३६५००० | १.५ | २८८५ | २५९० |
| **जम्मा** | | | | | **७९४४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,९४४ |

३४ **पेश्की फछ्र्यौट :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल, भरपाई र कागजातसहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने र प्रतिवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी ७ दिनभित्र त्यस्तो पेश्की फस्यौट गरिसक्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले पेश्की फछ्र्यौट सम्बन्धमा आवश्यक बिल भरपाई र कागजात संलग्न नगरी निम्नानुसार पेश्की फछ्र्यौट गरेको देखिन्छ:

३४.१ (६४४-२०८१-२-१६):

कर्मचारी श्री काशीनाथ भट्टराईले ग १ झ ६८८ नं. को नयाँ एम्बुलेन्स दर्ता तथा विमा गर्न जाँदा लिएको पेश्की मध्ये रु.६,००० को कामसंग असम्बन्धित भरपाई पेश गरी पेश्की फस्यौट गरेको देखिएकाले उक्त रकम असुल गरी संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

३४.२ (४४८-२०८०-१२-१५):

कर्मचारी श्री काशीनाथ भट्टराईले पालिकाको सवारी साधनको बिलबुक नवीकरण र बिमाको लागि रु.२९५,००० पेश्की लिएकोमा निजले पेश्की फस्यौट गर्न रु.२,८८,११२ बराबरको मात्रै बिल भरपाई पेश गरेकोले बिल भरपाई बेगर बढी भुक्तानी भएको रु.६८८८ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,८८८ |

३५ **डिजिटल प्रोफाईल :** (६५७-२०८१-२-२१):

सार्वजनिक खरदि ऐन २०६३ को दफा ५ र ऐ.नियमावली २०६४ को नियम १२ मा सम्बन्धित मन्त्रालयले तयार गरेको नम्सको आधारमा वा कार्यक्षेत्रगत सर्तको आधारमा वा सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु आ.व. वा अघिल्लो आ.व. मा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतको आधारमा खरिद गरिने परामर्श सेवाको लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पालिकाको १ नं.वडा कार्यलायले वडाको डिजिटल प्रोफाइल

निर्माण गर्न रु.३ लाख बजेट बिनियोजन गरेकोमा लागत अनुमान तयार नगरी वडा समितिको निर्णयबाट मात्र फोर जि इन्जिनियरिङ् सोलुसन प्रा.लि संग रु.२९८,८८५ मा सम्झौता गरी वडा प्रोफाइल तयार गरेको देखिएकोले उक्त कार्यको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,९८,८८५ |

३६ **जग्गा नापजाँच कार्य :** (६६०-२०८१-२-२१):

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ र नियमावली २०६४ को नियम १२ मा उल्लेखित आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने र स्वीकृत गरी खरिद प्रकृया अगाडि बढाउनुपर्ने व्यवस्था छ ।साथै स्थानीय खरिद नियमावली बमोजिम रु.१० लाख भन्दा बढी लागत अनुमान भएको परामर्श सेवाको लागत अनुमान अध्यक्षबाट स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पालिकाले सुकुम्बासी तथा अव्यवस्थित बसोबासी जग्गा नापजाँच कामको लागि रु.१४९७२२२.८८ को लागत अनुमान तयार गरी सबै भन्दा न्युन कबोल गर्ने क्युव इन्फो कम्पनी प्रा.ली.संग रु.१४९०३७९.६ मा उक्त कम्पनी संग परामर्श सेवा खरिदको सम्झौता गरेको देखिन्छ। पालिकाले तयार गरेको स्थानीय खरिद नियमावली बमोजिम लागत अनुमान पालिका अध्यक्षबाट स्वीकृत बेगर कार्यादिश तथा भुक्तानी दिएको रु.१४९०३७९ भुक्तानी गरी परामर्शसेवा खरिद गरेको देखिन्छ।खरिद कार्यमा स्थानीय कानून बमोजिम लागत अनुमान स्वीकृत भएको देखिएन। यस विषयमा पालिका संग छलफल गर्दा संघिय कानून संग बाझिएको हुँदा सोही बमोजिम गरेको जानकारी प्राप्त भएको ।

३७ **अनुत्पादक खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा गाउँपालिकाले योजना तथा बजेट बनाउदा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन सीपको अधिकतम प्रयोग हुने, महिला बालबालिका तथा पिछडिएका वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास वातावरणीय संरक्षण तथा सम्बद्धन गर्न सघाउ पुर्‍याउने, भाषिक तथा संस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । पालिकाले उक्त विषयहरुलाई प्राथमिकता दिइ, नियमन, पुर्वाधार विकास र प्रवर्धन गर्ने कार्यमा बजेट तर्जुमा गरी खर्च गर्नुपर्नेमा कुनै संस्था तथा समुदायद्वारा सञ्चालन र व्यवस्थापन गरेका देहायका कार्यमा तलब भत्ता जस्ता उपभोगमुखी एवं प्रशासनिक खर्चका लागि वजेट खर्च गरेको देखिन्छ।पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। केही उदहारण :

| क्र.स | गो.भौ. | विवरण | भुक्तानीरकम |
|---|---|---|---|
| १ | ९३३-२०८१/३/२४ | बन्दीपुरपद्म पुस्तकालय, बन्दीपुरलाई पुस्तकालय कर्मचारीको तलब भत्ताको लागिअनुदान/सहायता | ५०००० |
| २ | - | वनहेरालुको पारिश्रमिक थानीमाई पर्यटकीय वातावरण संरक्षण उपभोक्ता समितिलाईभुक्तानी (१६०००*१२) | १९२००० |
| २ | - | शहिदस्मारक बाटीकास्थल व्यवस्थापन, सरसफाई र संरक्षणको लागि कर्मचारी राखी तलव भत्ताभुक्तानी (६.३३*८०००) | ५०६६७ |
| | | **जम्मा** | **२९२६६७** |

३८ **विविध खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध खर्च शीर्षकमा रु.९ लाख र अतिथि सत्कार शिर्षकमा रु.१० लाख गरी जम्मा रु.१९ लाख खर्च गरेको छ । उक्त खर्च पालिकाको आन्तरिक आम्दानी जम्मा रु. २ करोड १० लाख रहेकोमा उक्त आम्दानीको ९ प्रतिशत विविध शीर्षकमा खर्च भएको देखिन्छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । केही उदहारण:

| गो.भौ.नं/मिति | खर्च शिर्षक | विवरण | रकम |
|---|---|---|---|
| ०५/२०८०।०५।१८ | विविध खर्च | खाना/खाजा | १०२८८५ |
| २००/२०८०।०८।२९ | विविध खर्च | खाना/खाजा | ३०००० |
| १०३/२०८०।०७।०१ | विविध खर्च | खाना/खाजा | ४०२९० |
| ६५/२०८०।०६।२२ | विविध खर्च | खाना/खाजा | २०१०६ |
| ११२/२०८०।०७।०२ | सभा संचालन खर्च | खाना/खाजा | ९८३०० |
| ३६३/२०८०।११।१६ | सभा संचालन खर्च | खाना/खाजा | ७१८७० |
| ७०/२०८०।०६।२२ | सभा संचालन खर्च | खाना/खाजा | ७५२९० |

३९ **अन्य निकायको खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्वन्धमा समेत उल्लेख रहेको छ । पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र वजेट प्रभावकारी भएको देखिएन । पालिकाको मातहत वाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र पालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने भएकोले अनियमित देखिएको रु.

| क्र.स. | गो.भौ. | विवरण | रकम |
|---|---|---|---|
| १ | ८२८/२०८१।०३।१७ | जिल्लाप्रशासन कार्यालय, तनहुँको सवारी साधन मर्मत खर्च भुक्तानी | २६,००० |
| २ | ७५५/२०८१।०३।१२ | मालपोतकार्यालय तनहुँको कार्यालय सामाग्री खरिद खर्च भुक्तानी | ५०,००० |
| | **जम्मा** | | **७६०००** |

| | |
|---|---|
| अनियमित भएको | ७६,००० |

४० **शिर्षक फरक पारी खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा २५ मा कारोबारको लेखा राख्ने प्रयोजनको लागि महालेखा नियन्त्रक कार्यालयले लेखाको ढाँचा र आर्थिक संकेतको वर्गिकरण तर्जुमा गरी महालेखा परीक्षक कार्यालयबाट स्वीकृत गराई लागु गर्नुपर्ने व्यवस्था छ । साथै नियमावली,२०७७ को नियम ३८ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गरी अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्नुपर्ने प्रावधान छ । सोही प्रयोजनको लागि एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ कार्यान्वियनमा रहेको छ । पालिकाले एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ अनुरुप कारोवारको तोकिएको शिर्षकमा बजेट व्यवस्था गरी सम्बन्धित खर्च शिर्षकबाट खर्च लेख्नुपर्नेमा सो भन्दा फरक पारी रु.२३८८०२१६ खर्च गरेको देखिन्छ। शिर्षक फरक पारी गरेको निम्नानुसारको खर्च नियम सम्मत नदेखिएको रु.

| गो.भौ.नं/मिति | खर्चकोविवरण | खर्चलेखेको शिर्षक | खर्चलेख्नुपर्ने शिर्षक | खर्चलेखेको रकम रू. |
|---|---|---|---|---|
| ७३७-२०८१/३/११ | इन्धनखर्च | २२४११सेवा तथा परामर्श खर्च | २२२१३इन्धन | ४६३१७१ |
| ७३९-२०८१/३/११ | इन्धन खर्च | २२४११ सेवा तथा परामर्श खर्च | २२२१३ इन्धन | २०५७३७ |
| ७४१-२०८१/३/११ | इन्धन खर्च | २२५११ कर्मचारी तालिम खर्च | २२२१३ इन्धन | २१४५२८ |
| ७४२-२०८१/३/११ | इन्धन खर्च | २२५११ कर्मचारी तालिम खर्च | २२२१३ इन्धन | २०५१३४ |
| ७४३-२०८१/३/११ | इन्धन खर्च | २२६१२ अवलोकन भ्रमण खर्च | २२२१३ इन्धन | १८०२४२ |
| ७४७-२०८१/३/११ | सूचना प्रकाशन खर्च | २२५११ कर्मचारी तालिम खर्च | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ७५००० |
| ७४७-२०८१/३/११ | सूचना प्रकाशन खर्च | २२६११ पदाधिकारी तथा कर्मचारी अवलोकन भ्रमण खर्च | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ८०००० |
| ७४८-२०८१/३/१२ | सूचना प्रकाशन खर्च | २२६१२ पदाधिकारी तथा कर्मचारी अवलोकन भ्रमण खर्च | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३६००० |
| ७५२-२०८१/३/१२ | सूचना प्रकाशन खर्च | २२६११ पदाधिकारी तथा कर्मचारी अवलोकन भ्रमण खर्च | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ६५००० |
| ७५३-२०८१/३/१२ | घरभाडा | २२५१२ मेलमिलाप पुन तार्जगी तालिम कार्यक्रम | २८१४२ घरभाडा | २१४५०० |
| ७८६-२०८१/३/१४ | सूचना प्रकाशन खर्च | २२६१२ पदाधिकारी तथा कर्मचारी अवलोकन भ्रमण खर्च | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ७८९०० |
| ७८७-२०८१/३/१४ | पुस्तक खरिद | २२५१२ मेलमिलाप पुन तार्जगी तालिम कार्यक्रम | २२५२१ उत्पादन समाग्री/सेवा खर्च | १३५०० |
| ७८७-२०८१/३/१४ | विविध खर्च | २२५१२ मेलमिलाप पुन तार्जगी तालिम कार्यक्रम | २२७११ विविध खर्च | १५६२० |
| ७८८-२०८१/३/१४ | घरभाडा | २२५१२ मेलमिलाप पुन तार्जगी तालिम कार्यक्रम | २८१४२ घरभाडा | ४९२४८ |
| ७९४-२०८१/३/१५ | विविध खर्च | २२५१२ मेलमिलाप पुन तार्जगी तालिम कार्यक्रम | २२७११ विविध खर्च | ५१००० |
| ८००-२०८१/३/१५ | सूचना प्रकाशन खर्च | २२५२९ विविध कार्यक्रम खर्च | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ४१००० |
| ८०३-२०८१/३/१५ | आर्थिक सहायता | २२६१९ भ्रमण खर्च पदाधिकारी | २५३१५ अन्य सस्था सहायता | ५०००० |
| ८०४-२०८१/३/१५ | विविध खर्च | २२५२९ विविध कार्यक्रम खर्च | २२७११ विविध खर्च | ७८५३५ |
| ८१९-२०८१/३/१६ | विविध खर्च | २२६१९ भ्रमण खर्च पदाधिकारी | २२७११ विविध खर्च | २१००० |
| ८१९-२०८१/३/१६ | घरभाडा | २२६१९ भ्रमण खर्च पदाधिकारी | २८१४२ घरभाडा | ३०००० |
| ८२६-२०८१/३/१६ | विविध खर्च | २२५२२ कार्यक्रम खर्च | २२७११ विविध खर्च | १०७५० |
| ८२८-२०८१/३/१७ | सवारी साधन मर्मत खर्च | २११३४ कर्मचारी बैठक भत्ता | २२२१३ सवारी साधन मर्मत खर्च | २६००० |

| | | | | |
|---|---|---|---|---|
| ८२९-२०८१/३/१७ | विविध खर्च | २२५२२ कार्यक्रम खर्च | २२७११ विविध खर्च | २८६०० |
| ८२९-२०८१/३/१७ | सूचना प्रकाशन खर्च | २२५२२ कार्यक्रम खर्च | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ११००० |
| ८४२-२०८१/३/१८ | भ्रमण खर्च | २२५२९ विविध कार्यक्रम खर्च | २२६१२ भ्रमण खर्च | १०६५० |
| ८७५-२०८१/३/२१ | विविध खर्च | २२५११ पदाधिकारी तथा कर्मचारी तालिम खर्च | २२७११ विविध खर्च | ५३३८ |
| ८७५-२०८१/३/२१ | विविध खर्च | २२६१२ पदाधिकारी तथा कर्मचारी अवलोकन भ्रमण खर्च | २२७११ विविध खर्च | १२३८५ |
| ८७५-२०८१/३/२१ | भ्रमण खर्च | २२४११ सेवा तथा परामर्श खर्च | २२६१२ भ्रमण खर्च | १६००० |
| ८७५-२०८१/३/२१ | विविध खर्च | २२४११ सेवा तथा परामर्श खर्च | २२७११ विविध खर्च | १४६०० |
| ८७८-२०८१/३/२१ | इन्धन खर्च | २२६१९ भ्रमण खर्च पदाधिकारी | २२२१३ इन्धन | २२५२३० |
| ८९५-२०८१/३/२१ | विविध खर्च | २११३९ अन्य भत्ता | २२७११ विविध खर्च | ३२८२४ |
| ८९५-२०८१/३/२१ | सूचना प्रकाशन खर्च | २११३९ अन्य भत्ता | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०००० |
| ८९६-२०८१/३/२१ | आर्थिक सहायता- जिल्ला सहकारी संघ लि. | २११३४ सूचना अधिकारी बैठक भत्ता | २५३१५ अन्य सस्था सहायता | २५००० |
| ९०७-२०८१/३/२१ | विविध खर्च | २२५२९ न्यायिक समिति व्यवस्थापन खर्च | २२७११ विविध खर्च | १५३४० |
| ९१८-२०८१/३/२३ | विविध खर्च | २२५२२ कार्यक्रम खर्च | २२७११ विविध खर्च | ७९१० |
| ९२३-२०८१/३/२३ | विविध खर्च | २११३४ सूचना अधिकारी बैठक भत्ता | २२७११ विविध खर्च | ६८०० |
| ९२४-२०८१/३/२३ | आर्थिक सहायता-मिजार समाज नेपाल | २११३४ सूचना अधिकारी बैठक भत्ता | २५३१५ अन्य सस्था सहायता | २०००० |
| ९२९-२०८१/३/२४ | विविध खर्च | २२६१९ भ्रमण खर्च पदाधिकारी | २२७११ विविध खर्च | १७५०० |
| ९२९-२०८१/३/२४ | विविध खर्च | २२५१२ मेलमिलाप पुन तार्जगी तालिम कार्यक्रम | २२७११ विविध खर्च | ११६०० |
| ९२९-२०८१/३/२४ | विविध खर्च | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २२७११ विविध खर्च | ४६०० |
| ९४३-२०८१/३/२४ | आर्थिक सहायता | २२६१९ अन्य भ्रमण खर्च | २५३१५ अन्य सस्था सहायता | २५००० |
| ९४६-२०८१/३/२४ | सुचना प्रकाशन खर्च | २२६१९ अन्य भ्रमण खर्च | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५००० |
| ९५७-२०८१/३/२४ | खेलकुद सामाग्रि खरिद | २२२९१ अन्य सम्पतिहरुको सञ्चालन तथा संभार खर्च | २२३१३ पुस्तक तथा सामाग्री खर्च | १८८५० |
| ९६९-२०८१/३/२४ | इन्धन खर्च | २८२१९ अन्य फिर्ता | २२२१३ इन्धन | १६०८४८ |
| ९७०-२०८१/३/१४ | घरभाडा | २१११११ पारिश्रमिक कर्मचारी | २८१४२ घरभाडा | १०००० |

| | | | | |
|---|---|---|---|---|
| ७०२-२०८१/३/२ | दैनिक भ्रमण भत्ता | वडा व्यवस्थापन खर्च | २२६१२ भ्रमण खर्च | १६००० |
| ७६०-२०८१/३/११ | दैनिक भ्रमण भत्ता | २७२१२ आकस्मिक सेवा कार्यक्रम | २२६१२ भ्रमण खर्च | ६००० |
| ७८३-२०८१/३/१४ | आर्थिक सहायता | २२६१२ पदाधिकारी तथा कर्मचारी अवलोकन भ्रमण खर्च | २५३१५ अन्य सस्था सहायता | २५००० |
| विभिन्न | करार सेवाका कर्मचारीको पारिश्रमिक (कर बाहेक) | २११११ पारिश्रमिक कर्मचारी | २२४१३ करार सेवा शुल्क | २०९३३३०३.७८ |
| | **जम्मा** | | | **२३८८०२१६.७८** |

| | |
|---|---|
| अनियमित भएको | २,३८,८०,२१६ |

४१ **महंगी भत्ता :**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न. २१७ मिति २०७४/१/२५ को पत्र अनुसार सेवा करारमा कार्यरत स्वीकृत दरबन्दी भित्रका कर्मचारीहरुलाई शुरु तलब स्केल र कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभूत पारिश्रमिक बराबरको चाडपर्व खर्च साथै सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता उपलब्ध जस्ता सुविधा मात्र सम्झौतामा उल्लेख गरी सुविधा उपलब्ध गराउनुपर्ने उल्लेख छ।पालिकाले बन्दीपुर अस्पतालमा करार सेवामा नियुक्त भएका देहायका कर्मचारीलाई मासिक रु.२००० का दरले महंगि भत्ता उपलब्ध गराएकोमा महंगी भत्ता प्राप्त गर्ने आधार भए पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| क्र.स | कर्मचारीकोपद र नाम | महंगीभत्ता उपलब्ध गराएको जम्मा महिना | जम्माभत्ता | कैफियत |
|---|---|---|---|---|
| १ | मे.अ. आठौं सबना मियाँ | ७ | १४००० | साउन - माघ |
| २ | मे.अ. आठौंकेबिन पौडेल | ५ | १०००० | असोज - माघ |
| | | **जम्मा** | **२४०००** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,००० |

४२ **प्रशिक्षक भत्ता :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **११,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४३ **बैठक भत्ता :**

नेपाल सरकार अर्थमन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका, २०७७ (आठौँ संस्करण) को बुँदा नं ७.१.५ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी वा कर्मचारी मात्र बैठक बसेको भए त्यस्तो बैठकको लागि बैठक भत्ता उपलब्ध नदिने ब्यवस्था छ ।साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि उल्लेखित व्यवस्थालाई अनिवार्य रुपमा लागु गर्न र कार्यालय सञ्चालन भएको दिन र कार्यालय समयमा पनि कार्यालय समयभन्दा फरक बिहान/बेलुकाको समय उल्ल्ख गरी बैठक भत्ता लिने कार्य नगर्न नगराउन सुझाव

समेत दिएको अवस्थामा पनि गाउँपालिकाले उल्लेखित व्यवस्थालाई विपरीत हुने गरी देहायको बैठक भत्ता उपलब्ध गराएको देखिन्छ। केही उदहारण :

| क्र.स | सम्बन्धित गो.भौ. | बैठकको विवरण | रकम |
|---|---|---|---|
| १ | २१३/२०८१।०३।१९ | गाउँपालिका कर्मचारी, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाप्रमुखहरुको मासिक नियमित बैठक | ४७६०० |
| २ | २०६/२०८१।०३।०६ | सुरक्षित आप्रवासन सामी कार्यक्रमको स्थानीय तह कार्यक्रमव्यवस्थापन समितिको नियमित बैठक | १७००० |
| ३ | २७७/२०८१।०३।२२ | किशान सूचिकरण कार्यक्रम अन्तर्गत वडा नं १ र २ मा बसेको वडा समितिबैठक | ११००० |
| ४ | १२३/२०८०।०७।१४ (आन्तरिक चालु) | विपन्ननागरिक औषधी सिफारिस समितिको नियमित बैठक | ४०००० |
| | | **जम्मा** | **११५६००** |

४४ **अनुदान वितरण :**

अनुदान वितरण : गाउँपालिकाबाट उपलब्ध गराइएको अनुदानको सही सदुपयोग भए नभएको, अनुदान वितरणमा एकरुपता भएको, दोहोरोपना नपरेको निश्चित गर्न तथा वितरण गरिएको अनुदानबाट अपेक्षित प्रतिफल तथा उत्पादकत्व वृद्धि भए नभएको,अनुदान ग्राहीको जीवनस्तरमा सुधार आए नआएको सम्बन्धमा गाउँपालिकाले समय समयमा अनुगमन गर्नुपर्दछ साथै अनुगमन गर्ने नीतिगत तथा संस्थागत प्रणालीको विकास गरी समयसमयमा प्रतिवेदन तयार गरी सो को आधारमा आगामी रणनीति तयार गर्ने कार्य गर्नुपर्दछ । यस वर्ष पालिकाले देहायकमा कृषि, पशु कार्यमा अनुदान खर्च गरेको देखिएको छ । अनुदान रकम सम्बन्धित व्यक्ति, फर्म तथा संस्थालाई उपलब्ध गराउनु अघी सम्झौता बमोजिम काम गरे नगरेको, सम्झौताका सर्त बमोजिम अनुदान प्राप्त गर्न योग्य भए नभएको सम्बन्धमा अनुगमन गरी तोकिएको मापदण्ड पुरा भएको अवस्थामा मात्र अनुदान रकम निकासा गर्नुपर्नेमा अनुगमन नगरी खर्च लेखेको देखिएको छ। पालिकाले अनुदानग्राहीको विवरण सार्वजनिक गरी पारदर्शिता कायम गराउने तथा सम्बन्धीत अनुदान वितरण कार्यको तोकिएको सर्त तथा मापदण्को आधारमा रही अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र.स | सम्बन्धित गो.भौ. | अनुदान वितरणकोविवरण | वितरण गरिएकोअनुदान रकम |
|---|---|---|---|
| १ | २४२/२०८१।०३।१७ | सुन्तला पकेट विकास कार्यक्रम- कन्यादेवी कृषक समूह | ५२५७२५ |
| २ | २४१/२०८१।०३।१७ | मकैबाली प्रवर्द्धन कार्यक्रम - सुकौरा कृषि सहकारी संस्था | १२३१०० |
| ३ | २५८/२०८१।०३।२० | मकैबाली प्रवर्द्धन कार्यक्रम - हलथुम्का कृषक समूह | १९२३०० |
| | | **जम्मा** | **८४११२५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,४१,१२५ |

४५ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च :**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वियन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा नहुने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट चालु खर्च शिर्षकमा रु.९९०४० भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । केही उदहारण :

| क्र.स | गो.भौ. | विवरण | रकम | खर्चशिर्षक |
|---|---|---|---|---|
| १ | ०५/२०८०।०६।०८ | वृक्षारोपण कार्यक्रमकोखाजा खाना खर्च | २९०४० | ३११५१ सडक हरियारीकार्यक्रम |
| २ | २२२/२०८१।०३।१३ | दैनिकभ्रमण भत्ता | १०००० | ३११२२ मेशिनरी तथा औजार |
| ३ | २७९/२०८१।०३।०१ | कम्पुटरमर्मत परामर्श सेवा शुल्क | ५०००० | ३११७१ पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण |
| ४ | २९६/२०८१।०३।२३ | दैनिकभ्रमण भत्ता | १०००० | ३११३१ पशुधन तथा वागबानी विकास खर्च |
| | **जम्मा** | | **९९०४०** | |

४६ **संगठन तथा व्यवस्थापन सर्वेक्षण :** (२८८-२०८१-३-२२):

संगठन तथा व्यवस्थापन सर्वेक्षण : स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा ८ मा स्थानीय तहमा स्थानीय सेवाको सङ्गठन संरचना वा दरबन्दी सिर्जना गर्न तथा संगठन संरचना वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्ने पर्नेछ भनी उल्लेख छ । साथै नियमावली,२०८० को परिच्छेद ३ मा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी कार्यविधिको व्यवस्था गरिएको छ जसमा स्थानीय तहमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न आवश्यक भएकमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तोकिएबमोजिम ४ सदस्यिय सर्वेक्षण समिति गठन गरी उक्त समितिले आवश्यकताअनुसार संक्षिप्त वा विस्तृत सर्वेक्षण गरी कार्यक्रम,कार्यबोझ तथा कार्यप्रकृतिको विश्लेषण सहित सांगठनिक ढाँचा तथा दरबन्दी प्रस्ताव गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने स्पष्ट कार्यविधि निर्दिष्ट गरेको छ । पालिकाले स्नोई होराइजन इनर्जी प्रा.लि. बाट परामर्श सेवा खरिद गरी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गरी रु.३,९४,००० खर्च लेखेको देखियो। पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

पालिकाको जवाफ : कार्यपालिकाको मिति २०८०।०९।१८ को निर्णय नं.९ मा बन्दिपुर गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य परामर्शबाट लिने निर्णय गरेको साथै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको संगठन संरचना र दरवन्दि पुनरावलोकन सम्बन्धित संक्षिप्त कार्यविधि,२०७६ मा आवश्यक विज्ञको सेवा लिन सकिने प्रावधान भएकोले सो बमोजिम परामर्श सेवा मार्फत खरिद गरिएको हो ।

४७ **गत वर्षको भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २५ र नियमावली २०७७ को नियम ३९ मा तोकिएको खर्च शिर्षकमा चालू वर्षको बजेटले नखामेको खर्च बेहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल,भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण (मलेप फा.न. २२१) तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र प्रमाणीत गराई राख्नुपर्ने व्यवस्था छ । छ। पालिकाले निम्न भौचर नं.बाट गत वर्षको चालु प्रकृतिको भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नगरी यस वर्ष भुक्तानी गरेकोले गत वर्षको चालु प्रकृतिको भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी नियमित गर्नुपर्ने रु.

| क्र.स. | गो.भौ. | खरिदविवरण | भुक्तानीपाउने फर्म | भुक्तानीरकम रु. |
|---|---|---|---|---|
| १ | १९/२०८०।०८।१९ | कार्यालय सामाग्री तथामसलन्द | शुभकामना सप्लायर्स | ११८३६७.५० |
| २ | १९/२०८०।०८।१९ | कार्यालयसामाग्री तथा मसलन्द | श्रीकृष्णस्टेशनरी एण्ड सप्लायर्स | १४३४५३.५० |
| ३ | २५/२०८०।०९।०५ | एक्सरे, प्रयोगशाला मेशिनरी सामान मर्मत | नेशनलल्याबरोटरी एण्ड मेडिकल ट्रेडिङ्ग कन्सर्न प्रा.ली. | १६५५४५ |
| | | **जम्मा** | | **४२७३६६** |

| | |
|---|---|
| अनियमित भएको | ४,२७,३६६ |

४८ **पारिश्रमिक कर :**

आयकर ऐन २०५८ को दफा ८७ (१) मा प्रत्येक बासिन्दा रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिमको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न कर्मचारीहरुको घटी पारिश्रमिक कर कट्टी भएको देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| **क्र.स.** | **कर्मचारीको नाम र पद** | **कूल आय रु.** | **कट्टी हुने रकम रु.** | **कर निर्धारण योग्य आय रु.** | **कररु.** | | | **जम्मा दाखिला कर (१%)** | **बाँकी तिर्नुपर्ने कर** |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | **१% कर** | **१०% कर** | **जम्मा कर** | | |
| १ | श्री डा.केबिन पौडेल,मे.अ.आठौ | ५९४८४४ | - | ५९४८४४ | ५००० | ९४८४.४० | १४४८४.४० | ५९४८.४४ | ८५३५.९६ |
| | | | | | | | | **दाखिलागर्नुपर्ने कर** | **८५३५.९६** |

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **१२,९२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५३६ |

४९ **विद्यालयको शौक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयमा शौक्षिक गुणास्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्न छनौट भएको विद्यालयलाई प्रति विद्यालय ६ लाख ५० हजारका दरले अनुदान दिने र उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक,सन्दर्भ सामाग्री तथा लाइब्रेरी, विज्ञान प्रयोगशाला शिक्षण सिकाईका लागि ICT ल्याब को लागि खर्च गर्ने सकिने व्यवस्था रहेको छ। विद्यालयले उक्त सामाग्रि खरिद गर्दा सार्वजनिक खरिद ऐन नियमावली तथा विद्यालय खरिद दिग्दर्शन अनुसारका प्रक्रियाहरु पुरा गरी सामाग्री खरिद गर्ने तथा पालिकाले उक्त कार्यको अनुगमन गरी अनुदान रकमको समुचित प्रयोग भएको प्रमाणसहितको अनुगमन मुल्यांकन प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था समेत रहेको छ । पालिकाले देहाएका विद्यालयलाई उक्त अनुदान रकम उपलब्ध गराएकोमा सोको अनुगमन भइ प्रतिवेदन पेश नभएकोले अनुदानको सहि सदुपयोग भए नभएको सन्दर्भमा अनुगमन गरि अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु

| **गो भौ नं र मिति** | **विद्यालयको नाम** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| २८१।०८१।०३।२३ | चन्द्रोदय आवि | ६४५१९० | विज्ञान प्रयोगशाला |
| २७८।०८१।०३।२३ | भानु मावि | ६३३००० | पुस्तकालय स्थापना |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,७८,१९० |

५० **विद्यालय लेखापरीक्षण अनुदानः**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वयन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था छ र सोहीबमोजिम विद्यालयले अन्तिम लेखापरीक्षण हुनु पूर्व नै उक्त लेखापरीक्षण कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा यस वर्ष पालिकाले गो भौ नं २५२।०८१।०३।१९ मा विभिन्न विद्यालयको सामाजिक तथा आर्थिक लेखापरिक्षण बापत रु ३४००००निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको विद्यालयको आर्थिक लेखापरीक्षण भई प्रतिवेदन पेश नभएकोले आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु

| विद्यालयको नाम | रकम |
| --- | --- |
| जगदिश्वर आवि | १०००० |
| कालिका मावि | १५००० |
| शिव मावि | १५००० |
| आँधिवराहि प्रावि | १०००० |
| झारगाँउ प्रावि | १०००० |
| त्रिभुवन प्रावि | १०००० |
| भानु मावि | १५००० |
| तामुङ प्रावि | १०००० |
| पद्या प्रावि | १०००० |
| चन्द्रोदय आवि | १०००० |
| जय नेपाल प्रावि | १०००० |
| विष्णु मावि | १५००० |
| उदय प्रावि | १०००० |
| जनता प्रावि | १०००० |
| पवित्रा मावि | १५००० |
| दिल प्रावि | १०००० |
| सरस्वति प्रावि | १०००० |
| भैरव प्रावि | १०००० |
| शिवशक्ति प्रावि | १०००० |
| कालिका प्रावि | १०००० |
| सिद्धदेवि प्रावि | १०००० |
| भँगेरी प्रावि | १०००० |
| चामुण्डामाइ प्रावि | १०००० |
| जनजागृति प्रावि | १०००० |
| जलदेवि प्रावि | १०००० |
| शान्ति प्रावि | १०००० |
| ज्योति प्रावि | १०००० |
| सेतिगंगा आवि | १०००० |
| देउराली प्रावि | १०००० |
| सुनिता प्रावि | १०००० |
| | |

| | |
|---|---|
| अरुण मावि | १५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४०,००० |

५१ **दिवा खाजा :**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुर वाट तयार भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका प्रति विद्यार्थी दैनिक रु १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ । यस वर्ष पालिकाले विद्यालयलाई दिवा खाजा वापत रु ३३४०२३० उपलब्ध गराएको छ । विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

५२ **उत्कृष्ट विद्यालय अनुदान:**

विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वियन निर्देशिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा उत्कृष्ट विद्यालयलाई अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । सोहिबमोजिमपालिकाले गो भौ नं २८५।०८१।०३।२४ मा देहाएका विद्यालयलाई उत्कृष्ट विद्यालय अनुदान बापतको रकम भुक्तानी दिएकोमा तोकिएको क्षेत्रमा खर्च भएको बिल भरपाई पेश गर्ने रु

| **विद्यालयको नाम** | **रकम** |
|---|---|
| जगदिश्वर आवि | २००००० |
| विष्णु मावि | ३००००० |
| जम्मा रकम | ५००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

५३ **कृषि तथा पशु अनुदानः**

सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ र अनुदान प्राप्त गर्ने अनुदानग्राहीको नाम समेत सार्वजनिक गरी पारदर्शिता कायम गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन।

| क्र.स. | कार्यक्रमको विवरण | सम्झौता गरिएको समुह | संघिय सरकार सशर्त कार्यक्रम बाट प्राप्त अनुदान रकम | समूह/सहकारी संग गरिएको सम्झौता रकम | खर्च गरिएको रकम | खर्च % |
|---|---|---|---|---|---|---|
| १. | मकै वालि प्रवर्धन कार्यक्रम | सकौरा कृषक समुह | ९७५००० | | १२६०९९.९७ | ४१.९७ |
| | | हलथुम्का कृषक समुह | | | १९२३७५.४४ | |
| | | तालिम कार्यक्रम | | ६०००० | ५८०२० | |
| | | अभिमुखीकरण | | ४०००० | ३२७७५ | |
| २. | सुन्तला पकेट कार्यक्रम | कन्यादेवी कृषक समुह | ६००००० | ५९७१०० | ५२५७२५ | ८७.६२ |
| ३ . | रैथाने वाली प्रवर्धन कार्यक्रम | कोरिखा सामुदायिक होमस्टे | ५००००० | १००००० | ९२००० | ३२.९ |
| | | तालिम कार्यक्रम | | ७५००० | ७२९६५ | |

| क्र.स | कार्यक्रमको नाम | अनुदान पाउने संस्था वा कृषक | अनुदान रकम रू | अनुदान प्रतिशत(%) |
|---|---|---|---|---|
| १. | हरियो घाँस विस्तार कार्यक्रम | बिमला अधिकारी | ९९,७५० | १२.२७ |
| | | इन्दिरा भट्टराई | | |
| | | सुरज घिमिरे | | |
| | | मिठु देवी अमगाई | | |
| २ | गाई,भैसी,बाख्रा,वंगुर,कुखुरा र माछामा (५०% अनुदान कार्यक्रम) | केदार न्यौपाने | १,८५,००० | १८.50 |
| | | रत्न बहादुर कार्की | | |
| | | तारा कुँवर | | |
| | | चिनु माया गुरुङ | | |
| | | अमृता चेपाङ | | |
| | | नबिन बहादुर गुरुङ | | |
| ३ | सहकारी मार्फत दुध उत्पादन आधारित प्रति लि.१.५ रूपैया अनुदान | याम्पा सहकारी दुग्ध उत्पादक सहकारी संस्था | १६,९३,६४४ | ७६.9 |
| ४ | गाई भैसीको लागी ५०% अनुदानमा काउ म्याट खरिद कार्यक्रम | गीता पौडेल न्यौपाने | ५८,७५० | ११,७५ |
| | | कमला पन्त क्षेत्री | | |
| | | कृष्ण बहादुर लामिछाने | | |
| | | इश्वर बजगाई | | |

५४ **लघु उद्यम विकास कार्यक्रम :**

गरिवी निवारणको लागि लद्यु उद्यम कार्यक्रम मेडपाको दफा ४० मा प्रविधि हस्तान्तरण गर्दा सहजकर्ताको सिफारिसमा उद्यमको प्रकृति हेरी व्यवसायिक योजना अनुसार लक्षित वर्गलाई मध्यनजर गरी शाखाले लद्यु उद्यमीलाई प्रविधि हस्तान्तरण गर्न व्यवस्था गरेको छ । आर्थिक वर्ष २०८०।८१ मा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा नयाँ लघु उद्यमी सृजना गर्ने लक्ष्य सहित रु १३०००० बजेट विनियोजन मध्ये रु १२३६३८९ खर्च गरेको पाइयो। ।पालिकाले लद्यु उद्यम कार्यक्रम अन्तर्गत प्रविधि हस्तान्तरण गर्दा विगतमा सीप विकास तालिम प्राप्त गरेको, लद्यु उद्यम संचालन गरिरहेको जस्ता पक्षलाई विचार गरी प्रोफाइल तयार गरी लघु उद्यम सहजकर्ताको सिफारिसको आधारमा लक्षित वर्गलाई प्रविधि हस्तान्तरण गर्नुपर्नेमा पालिकाले सो गरेको पाइएन ।कार्यविधिको व्यवस्था पालना गर्न तर्फ ध्यान दिनुपर्दछ ।

५५ **लागत अनुमान :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नु पर्ने भए सो को लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले कार्यालय प्रमुखलाई दिनुपर्ने र सो जानकारी प्राप्त भएपछि त्यस सम्बन्धि विशेषज्ञ वा दक्ष कर्मचारी वा त्यस्तो काम गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गरी स्वीकृत गर्नु पर्ने र लागत अनुमान स्वीकृत भएपछि आफ्नो मर्मत केन्द्र नभएको सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन र नियमावलीले तोकेको प्रकृया अपनाई मर्मत गराउनुपर्ने व्यवस्था छ ।यस सम्बन्धमा देखिएका थप ब्यहोराहरु निम्नानुसार छन:

(१४२-२०८०-७-२२):

पालिकाको बा २ झ ३८६४ नं. को गाडी मर्मत गर्दा कार्यालयले यान्त्रिक कार्यालय, डुम्रेबाट रु ३,२५,००० को लागत अनुमान तयार गरेकोमा हाम्रो पश्चिमाञ्चलन ट्रेडर्स, पोखराबाट रु.४,६८,६६७.५०।-को मर्मत गरेको देखिन्छ । विषेज्ञबाट तयार गरेको लागत अनुमान भन्दा बढी खर्चमा मर्मत गरेको, गाडीको फेरिएका सामानहरु स्टोर फिर्ता गरेको प्रमाण संलग्न गरेको नदेखिएकाले उक्त मर्मत कार्यको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४३,६६७ |

५६ **लेखा प्रमाणित :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ मा कार्यालयले लेखा राख्दा लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ ।पालिकाले गरेको देहायको भुक्तानीहरुमा खर्चलाई प्रमाणित गर्ने बिल, भरपाई, निर्णय लगायतका कागजातहरु संलग्न नभएको पाइएकाले उक्त कागजातरु संलग्न गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नु पर्ने रु.

| क्र.स. | गो.भौ.नं. | भुक्तानीकोविवरण | भुक्तानीरकम | पेशगर्नुपर्ने कागजातहरु |
|---|---|---|---|---|
| १ | १२१-२०८०/७/२ | खड्कदेवी माई पूजा संञ्चालक समिति - दशै पुजा सञ्चालन | ७५००० | रकमविनियोजन संबन्धि सभा/कार्यपालिकाको निर्णय, खर्चको प्रमाणित बिलतथाभरपाईहरु, पुजा सञ्चालन कार्यमा समितिले आम्दानी र खर्च सार्वजनिकीकरण गरेको निर्णय/प्रतिवेदन |
| २ | १२६-२०८०/७/१६ | बन्दीपुर गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत १७ जनास्वास्थ्य कर्मीहरुलाई सञ्चार खर्च | ६०००० | सञ्चार खर्च प्रदान गर्ने सम्बन्धमा सभा/ कार्यपालिकाको निर्णय, संलग्न गरिएबमोजिमका कर्मचारीहरुलाई सञ्चार सुविधा प्रदान गरिएको बिल (सुल्पेस्टोर) |
| ३ | १२८-२०८०/७/२१ | राजश्व परामर्श समिति, बजार अनुगमन समिति लगायतका समितिको बैठकभत्ता वितरण गर्न काशीनाथ भट्टराईले कार्यालयबाट भुक्तानी लिएको | ६६००० | बैठक भत्ता वितरण गरेको भरपाई |
| ४ | १३९-२०८०/७/२२ | डुम्रे सांस्कृतिक एवं सामाजिक संरक्षण समिति, बन्दीपुर १ डुम्रे-सांस्कृतिक कार्यक्रम सञ्चलान गर्न | ५०००० | कार्यक्रम सञ्चालन खर्चको प्रमाणित बिल तथा भरपाई, कार्यक्रमसञ्चालन पश्चात समितिले आम्दानी र खर्च सार्वजनिकीकरण गरेको निर्णय तथाप्रतिवेदन |
| ५ | १५५-२०८०/८/१८ | एस एम एस सेवा खरिद गरेवापत जानकी टेक्नोलोजि प्रा.ली लाई फोटोकपीबिल संलग्न गरी भुक्तानी | २८२५ | Original बिल |
| ६ | ६३२/२०८१/२/११ | अध्यक्षकप फुटवल तथा भलिबल प्रतियोगितामा ६ नं. वडाबाट सहभागीखेलाडीहरुको खाना, खाजा, आवास खर्च वापत सृष्टि होटल, बन्दीपुरलाई फोटोकपी बिलसंलग्न गरी भुक्तानी | ३५००० | रु १२००० को २ थान र रु ११००० को १ थान Original Bill साथै ६नं. वडा बाट सहभागी भएका खेलाडीहरुकोनामावली र खेल तालिका |
| ७ | ६५७-२०८१/२/२१ | विष्णु प्लाष्टिक उद्योग प्रा.ली. भरतपुर चितवनाबाट १८*२४ त्रिपालखरिद (४३७.९ के.जी.) | ९८४९५ | खरिद प्रयोगजन र खरिद गर्ने व्योहोरा खुलेको निर्णय र वितरण गरेको भरपाई |
| ८ | ६६७-२०८१/२/२४ | बजार अनुगन भत्ता वितरण गर्न काशीनाथ भट्टराईले कार्यालयबाटभुक्तानी लिएको | २५२०० | भत्ता वितरण गरेको भरपाई |
| ९ | ७८७-२०८१/३/१४ | कामख्या प्रतिष्ठानले प्रकाशन गरेको "हाम्रो स्थानीय तह २०७४, गण्डकी प्रदेश" र "हाम्रा जनप्रतिनिधि २०७४" नामक पुस्तक खरिद | १३५०० | पुस्तक खरिद गरेको बिल/भरपाई र पुस्तक स्टोर दाखिला प्रतिवेदन |
| १० | ८७६-२०८१/३/२१ | विष्णु प्लाष्टिक उद्योग प्रा.ली. भरतपुर चितवनाबाट १८*२४ त्रिपालखरिद (३८६.११ के.जी.) | ९८४९६ | खरिद प्रयोजन र खरिद गर्ने व्योहोरा खुलेको निर्णय र वितरण गरेको भरपाई |
| | | **जम्मा** | **५२४५५६** | |
| | | | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२४,५५६ |

५७ **अनुगमन :**

पालिकाले तर्जुमा गरेको कोशेली घर स्थापना संचालन कार्यविधि,२०८० मा तोकिएको योगयता पुगेको समुहलाई मात्र अनुदान दिनु पर्ने, सम्बन्धित समुहको लागत सहभागिता जुटाउनु पर्ने, समुहले भौतिक पूर्वाधार व्यवस्थापन कार्यमा अनुदान प्रयोग गर्नुपर्ने, पालिकाले स्थलगत निरीक्षण गरी प्राविधिक प्रतिवेदन तयार गरी समुहलाई भुक्तानी दिनुपर्ने, संचालित कोशेली घरको चौमासिक अवधिको प्रगति

गाउँपालिका समक्ष उपलब्ध गराउनु पर्ने, कोशेली घर संचालन भए नभएको अनुगमन गर्नुपर्ने लगायतको व्यवस्था गरेको छ। पालिकाले भौचर नं.३३०/२०८०।१०।१६ बाट बन्दिपुर परीश्रमी युवा समुहलाई कोशेली घर सञ्चालन वापत रु.१००,००० अनुदान दिएको छ। समुहले पेश गरेको प्रस्ताव बमोजिम कोशेली घर संचालनमा आए नआएको सम्बन्धमा पालिकाबाट अनुगमन गरी कार्यविधिले तोकेको शर्त अनुसार स्थलगत निरीक्षण गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

५८ **कुकुर बन्ध्याकरण :**

भौचर नं.४०६/२०८०।१२।०१ र ४२८/२०८०।१२।०५ कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७३ मा सम्बन्धित पशु सेवा कार्यालयले पशु बन्ध्याकरणमा संलग्न संघ/संस्था/भेटेरीनरी क्लिनिकसंग सहकार्यमा कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने र पशु सेवा कार्यालयबाट प्रति कुकुर रु.२००० का दरले उक्त संस्थाहरुलाई रकम उपलब्ध गराइने व्यवस्था छ । र सो रकमबाट कुकुर बन्ध्याकरणका लागि आवश्यक पर्ने औषधी, सर्जिकल सेवा, रेबिज खोप, कुकुरलाई आहारा तथा अन्य व्यवस्थापन सम्बन्धित संघ/संस्थाले गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष फरक स्थानमा कुकुर बन्ध्याकरण सिविर सञ्चालन गरी ११७ कुकुर बन्ध्याकरण गरेको श्रेस्ताबाट देखियो।यस कार्यको लागि रु ४,७२,२९७ खर्च लेखेको छ ।कार्यविधिमा उल्लेखित खर्चको मापदण्ड र पालिकाले गरेको खर्चको प्रकृति देहायबमोजिम देखिएको छ ।यसरी तोकिएको नम्स भन्दा बढी खर्च गरेको देखिन्छ।

| **क्र.स** | **क्रियाकलापहरु** | **एकाई** | **कार्यविधिअनुसार गर्न पाउने खर्च** | | **गाउँपालिकाले गरेको बास्तविक खर्च** | |
|---|---|---|---|---|---|---|
| | | | **प्रति एकाई लागत** | **जम्मा बजेट** | **क्रियाकलाप** | **जम्मा खर्च** |
| १ | प्रचार प्रशार , व्यानर | १ पटक | २५००० | २५००० | व्यानर | १२०० |
| २ | कार्यालयसामान तथा अन्य लजिष्टिक | १ पटक | १०००० | १०००० | सामाग्रीतथा ढुवानी | ३३५४० |
| ३ | चियापान (खाजा, खाना, ) | २ दिन | ५००० | १०००० | खाजाखाना,आवास | १०४६५० |
| ४ | कुकुरबन्ध्याकरण तथा रेबिज खोप (औषधी, सर्जिकल सेवा, रेबिज खोप, कुकुरको आहारा तथाअन्य व्यवस्थापन | ११७ वटा | २००० | २३४००० | औषधी तथासर्जिकल समान | २२११०७ |
| | | | | | जनशक्ति पारिश्रमिक | १११८०० |
| | **जम्मा** | | | **२७९०००** | | **४७२२९७** |

**पालिकाको जवाफ:** कुकुर बन्धाकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ ले साझेदारी संस्था संग सम्झौता गरी संचालन गरिने कार्यक्रमको लागि उक्त नम्स तयार गरेको हो।पालिकाले कुनै अन्य संस्था संग सम्झौता गरी कार्यक्रम संचालन गरेको होइन। पालिकाले दुई स्थानमा उक्त कार्यक्रम गरेको र बाह्य विशेषज्ञ तथा प्राविधिकहरुलाई खाजा, खाना, दैनिक भ्रमण भत्ता र वासको समेत व्यास्थापन गर्नुपर्ने देखिएकोले खर्च हुन गएको पालिकाले जवाफ दिएको छ।

५९ **रितपूर्वकको कर बिजक :**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकिएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर

रु.२०१३६४५ समेत रु.१७५०३२३८ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| क्र.स | गो भौन. | विवरण | भुक्तानी रकम | मु अ कर रकम |
|---|---|---|---|---|
| १ | १५/२०८०।०७।०२ | डुम्रे बन्दीपुर सडकस्तरोन्नती कार्य (3rd Running Bill- निर्माण व्यवसायी काश्यप निर्माण एण्डसप्लायर्स | ८३७५४७० | ९६३५५० |
| २ | ३२/२०८०।०९।२४ | डुम्रेबन्दीपुर सडक स्तरोन्नती कार्य (4th Running Bill- निर्माण व्यवसायी काश्यपनिर्माण एण्ड सप्लायर्स | ३८७२२८३ | ४४५४८३ |
| ३ | ९७/२०८०।१२।२१ | डुम्रेबन्दीपुर सडक स्तरोन्नती कार्य (5th Running Bill- निर्माण व्यवसायी काश्यपनिर्माण एण्ड सप्लायर्स | २३३३७७९ | २६८४८७ |
| ४ | १६५/२०८१।०२।१६ | डुम्रेबन्दीपुर सडक स्तरोन्नती कार्य निर्माण व्यवसायी काश्यप निर्माण एण्ड सप्लायर्स | २९२१७०६ | ३३६१२५ |
| | | **जम्मा** | **१७५०३२३८** | **२०१३६४५** |

| प्रमाण पेश नगरेको | २०,१३,६४५ |
|---|---|

६० **जडानको प्रमाण पेश गर्नुपर्ने :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ (ख) मा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ।

६०.१ (३२-२०८१-३-२०):

नव प्रवर्धन कार्यक्रम अन्तर्गत रक क्लाइम्बीङको लागि पालिकाले स्वीकृत स्पेशिफिकेशन एंव लागत अनुमान अनुसार खरिद गरेको रु.४२५८३५ (पाँच आईटम) चुन पहरा (चार रुट) मा स्पेशिफिकेशन अनुसार सामान जडान भएको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४,२५,८३५ |
|---|---|

६०.२ पालिकाले वडा नं.१ का विभिन्न स्थानहरुमा त्रिमुर्ति इनर्जि प्रा.ली मार्फत सोलार बत्ति जडान तथा मर्मत गरेकोमा उक्त जडान तथा मर्मत कार्य भएको पुष्टि गर्ने प्राविधिक मुल्याङ्कनको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.स. | गो.भौ. | मर्मतकोविवरण | मर्मतखर्च रु. |
|---|---|---|---|
| १ | १४७/२०८०।०७।२४ | वडा नं. १ स्थित विभिन्नस्थानहरुमा सोलार बत्ति जडान तथा मर्मत- त्रिमुर्ती इनर्जि प्रा.ली | ९९,०१७ |
| २ | २२५।२०८०।०९।८ | वडा नं. १स्थित विभिन्न स्थानहरुमा सोलार बत्ति जडान तथा मर्मत - त्रिमुर्ती इनर्जिप्रा.ली. | १८६,६१४.७५ |
| ३ | ६४०/२०८१।०२।१४ | वडा नं. १र ४ स्थित विभिन्न स्थानहरुमा सोलारबत्ति जडान तथा मर्मत - त्रिमुर्ती इनर्जि प्रा.ली. | ७०,००० |
| | | **जम्मा** | **३५५,६१४** |

| प्रमाण पेश नगरेको | ३,५५,६१४ |
|---|---|

६१ **छात्रवृत्ति वितरण :** (८६९-२०८१-३-२०):

गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति कार्यक्रम अन्तर्गत डिप्लोमा इन इन्जिनियरिङ्ग प्रथम वर्षमा अध्ययनरत अमन घले परियार लगायत ६ जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु-५०००० का दरले गरिव तथा जेहेन्दार छात्रवृत्ति वापत रु.३००००० र भौचर नं.७९६ मिति २०८१।०३।१५ इन्जिनियरीङ अध्ययनको लागि छविलाल लामिछाने बन्दिपुर-५ लाई रु.३५००० गरी जम्मा

रु.३३५००० कार्यपालिकाको निर्णयको आधारमा वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि स्वीकृत गरि विद्यार्थी छनौटको आधारमा स्पष्ट मापदण्ड तयार गरी शैक्षिक कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

६२ **पत्रपत्रिका,छपाई तथा सुचना प्रकाशन :**

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व ऐन २०७६ को दफा २४(२) मा खर्च गर्ने कार्यविधि र मापदण्ड अन्तर्गत सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ। भौचरको नमुना परीक्षणमा देखिए अनुरुप पालिकाले यस वर्ष विज्ञापन छपाई गरेको तथा सुचना प्रकाशन र प्रसारण गरेको भनि विलमात्र पेश भएका आधारमा विभिन्न पत्रिका तथा मिडियालाई निम्नानुसार भुक्तानी गरेको देखिन्छ। अत: मिडिया संग सम्झौता गरी आवश्यक परेको सुचनाहरु मात्र प्रकाशन र प्रशारण गर्ने तर्फ ध्यान दिनु पर्दछ।केही उदहारण :

| गो.भौ.नं/मिति | फर्मको नाम | विवरण | रकम |
|---|---|---|---|
| ९४६/२०८१।०३।२४ | चितवन आवाज नेटवर्क प्रा.ली | सन्देशमुलक सूचना | ५००० |
| ८९५/२०८१।०३।२१ | सहकर्मी मिडिया कन्सल्टेन्सी प्राली | सन्देशमुलक सूचना | १०००० |
| ७८६/२०८१।०३।१४ | भञ्याङ्ग राष्ट्रिय दैनिक | सन्देशमुलक सूचना | ३३९०० |
| ७१९/२०८१।०३।०६ | बाराही सञ्चार प्रा.ली | सन्देशमुलक सूचना | ७८८० |
| ५२/२०८०।०६।११ | मानुङ्ग पोष्ट डट कम | संदेशमुलक कार्यक्रम | ७००० |
| ६०/२०८०।०६।१८ | ब्रेक थ्रु साप्ताहिक | सुचना प्रकाशन तथा प्रसारण | १९००० |
| ७३/२०८०।०६।२२ | तन्हुँ उदघोष दैनिक | सुचना प्रकाशन तथा प्रसारण | ५००० |
| | सुकृति साप्ताहिक | सुचना प्रकाशन तथा प्रसारण | १०००० |
| | लोकवाणी पब्लिकेन प्रा लि | सुचना प्रकाशन तथा प्रसारण | २५००० |
| | दैनिक खबर | सुचना प्रकाशन तथा प्रसारण | ७००० |
| ३४४/२०८०।११।०९ | ब्रेक थ्रु सप्ताहिक | सुचना प्रकाशन तथा प्रसारण | १८००० |
| २३१/२०८०।०९।१७ | भञ्जयाङ राष्ट्रिय दैनिक | सुचना प्रकाशन तथा प्रसारण | १६०४६ |
| ४८८/२०८०।१२।२६ | लोकवाणी पब्लिकेशन | सुचना प्रकाशन तथा प्रसारण | २२७०० |
| ४६१/२०८०।१२।१९ | मानुङ पोष्ट डट कम | सुचना प्रकाशन तथा प्रसारण | ११८२० |
| ३३९/२०८०।०१।०८, ६७१/२०८१।०२।२४, ६७५/२०८१।०२।२८ | रेडियो छिम्केश्वरी | सुचना प्रकाशन तथा प्रसारण | १५०००० |
| | पावरएफ.एम. | | १५०००० |
| | रेडियोबन्दीपुर | | १५०४०० |
| | अल ओभरमिडिया नेटवर्क | | १४९००० |

६३ **वितरणमुखि खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले चालु खर्च मितव्ययि र पूँजीगत खर्च नतिजामूलक तथा प्रतिफल देखिने गरि

खर्च गर्नुपर्दछ । लेखापरिक्षणको क्रममा नमुना छनौट गर्दा निम्नानुसारका गो भौ नं र मितिबाट वितरणमुखि कार्यमा खर्च गरेको देखियो । यसरी वितरणमुखि एवं प्रतिफल प्राप्त नहुने कार्यमा खर्च लाई नियन्त्रण गर्नुपर्दछ । केही उदहारण :

| गो भौ नं मिति | विवरण | संस्थाको नाम | रकम |
|---|---|---|---|
| ९२४/२०८१/०३/२३ | खादा, मायाको चिनो | मिजार समाज नेपाल | २०००० |
| ८६३/२०८१/०३/२० | परम्परागत पोषाक खरिद | साराङ्घाट आमा समूह उपभोक्ता समिति वडा नं ६ | ३०००० |
| ८२७/२०८१/०३/१७ | प्रहरी सूचनामुलक बोर्ड | इलाका प्रहरी कार्यालय, बन्दीपुर | २५३६८ |
| ७८३/२०८१/०३/१४ | आर्थिक सहयोग | कर्मचारी संघ | २५००० |
| ५७०/२०८१/०१/२३ | पोषाक वितरण | नेपाल मगर संघ | ५०००० |
| ११६/२०८०।०७। ०२ | आर्थिक सहायता | गोरखकाली युवा क्लव | १५००० |
| २०१/२०८०।०८। २९ | आर्थिक सहायता | शितलदेवी युवा क्लव | २०००० |
| ६४७/२०८१/०२/१६ | नयाँ वर्ष सडक खाना महोत्सव बन्दिपुर | बन्दिपुर पर्यटन विकास समिति, बन्दिपुर । | १००००० |
| ५८०/२०८१/०१/२६ | विरुवा हेरालु खर्च | थानिमाई पर्यटकिय वातावरण उपभोक्ता समिति | १४४००० |
| ७२५/२०८१/३/७<br>६३२/२०८१/२/११ | खाजा, खाना तथा आवास | अध्यक्षकप फुटबल र भलिबल प्रतियोगितामा ६ नं. वडा | ६०३०० |
| १२१/२०८०/७/२ | दशै पुजा सामाग्री | खड्क देवीमाई पूजा संञ्चालक समिति- दशैपुजा संञ्चालन | ७५००० |
| १३९/२०८०/७/२२ | जात्रा पर्व खर्च | डुम्रेसाँकृतिक एवं सामाजिक संरक्षण समिति- सांस्कृतिक कार्यक्रम तथा जात्रा | ५०००० |
| ३६३/२०८०/११/१६ | ल्होसार पर्व खर्च | धरमपानीकन्या देवी सामुदायिक होम स्टे - ल्होसार पर्व | ४०००० |
| ५२१/२०८०/१२/२८ | ल्होसार पर्व तथा खेलकुद सामाग्री खर्च | मिलिजुलीयुवा क्लव- ल्होसार पर्व तथा खेलकुद कार्यक्रम | २०००० |
| ६४७/२०८१/२/१६ | खाना खाजा खर्च | क्षेत्रीयहोटल संघ- नयाँ वर्ष सडक खाना महोत्सव | १००००० |
| ७५४/२०८१/३/१२ | बाध्यबादन समाग्री तथा भुजेल भेषभुषा खरिद | भुजेल भाषासाहित्य संरक्षण उपभोक्ता समिति | ६०००० |
| ७५६/२०८१/३/१२ | पुजा संचालन खर्च | बालन नाचसंरक्षण उपभोक्ता समिति- मालिका पुजा संञ्चालन | २५००० |
| ७९४/२०८१/३/१५ | माघी पर्व खर्च | सिद्धमाईआमा समुह (माझथर)- माघी पर्व मनाउन | ३०००० |
| ८६३/२०८१/३/२० | भेषभुषा तथा पोशाक खरिद | साराङ्घाटआमा समुह उपभोक्ता समिति- भेषभुषा तथा पोशाक खरिद | ३०००० |
| ८९६/२०८१/३/२१ | आर्थिक सहायता | जिल्लासहकारी संघ लि. लाई आर्थिक सहायता | २५००० |
| ९२४/२०८१/३/२३ | अधिवेशन खर्च | मिजार समाजनेपाल, तनहुँलाई अधिवेशन सञ्चालन गर्न आर्थिक सहायता | २०००० |

६४ **अनुगमन तथा भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष अनुगमन मुल्यांकन तथा भ्रमण खर्च शिर्षकमा रु.१२५०००० खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

६५ **कर्मचारी प्रोत्साहन भत्ता :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाउँ कार्यपालिकाले कार्यविधि स्वीकृत नगरी तथा अतिरिक्त समय काम गरेको प्रमाणित हाजिर अभिलेख समेत नराखी अतिरिक्त काम गरे वापत भौचर नं.९६५/२०८१।०३।२४ बाट विभिन्न कर्मचारीलाई रु.३१४०१० कर्मचारी प्रोत्साहन भत्ता र भौचर नं.८२४/२०८१।०३।१६ विभिन्न कर्मचारीलाई खाजा वापत नगद रु.१७०८००० खर्च गरेको छ । प्रोत्साहन तथा खाजा भत्ता वापत खर्च गर्दा अतिरिक्त काम गरेको अभिलेख प्रमाणित गरी कार्यविधि द्वारा व्यवस्थित गरी विद्युतिय हाजिरी कार्यान्वियनमा ल्याई वस्तुगत सूचकको आधारमा मुल्यांकन गरी प्रोत्साहन भत्ता वितरण गर्नु पर्दछ ।

६६ **धानको विउ :**

पालिकाले धानको विउ खरिद गर्दा गो.भ.नं.७३३ मिति २०८१/०३/११ बाट एग्रो टाइम्स कृषि फर्मबाट रु.६७०४९७ बाट धानको विउ खरिद गरेको देखिन्छ।यसरी बीउ खरिद गर्नु पुर्व आफ्नो पालिकाको लागि आवश्यक धानको परिमाण डेसिस(ज्ञान केन्द्र) मा माग परिमाण प्रविष्ट गर्नु पर्ने हुन्छ।उक्त प्रकृया पुरा नगरी निजी सप्लायर्स संग धान खरिद गरेको देखिन्छ।साथै सप्लायर्सले पेश गरेको बिजकमा मोटो वा मसिनो धानको बीउ वर्गिकृत गरी उल्लेख नगरेकोले जिल्ला दर रेट संग भिडान गर्न सकिएन।अत:सरकारी कृषि फर्मबाट समय मै माग परिमाण पेश गरी गुणस्तरिय बिउ आपुर्ति गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

६७ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले तयार गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेखित एम्बुलेन्स १ वटा, ब्याक होलोडर १ वटा, टिपर १ वटा लगायतका सामानहरु मर्मत गर्नुपर्ने तथा लिलाम गर्नुपर्ने भनी औल्याएका सामानहरु नियमावलीमा भएको व्यवस्था अनुसार समय मै मर्मत सुधार तथा लिलाम विक्री गरी जिन्सी व्यवस्थापन चुस्त बनाउनु पर्ने देखिन्छ।

६८ **गाडी भाडा :**

पालिकाले यस वर्ष गाडि भाडा वापत तर्फ रु.८००००० विनियोजन गरेकिमा रु.५४८००० खर्च गरेको देखिन्छ । गाडि भाडामा लिदा सम्बन्धित गाडि धनि सँग पटके सम्झौता गरि भुक्तानी भएको देखिन्छ । गाडि भाडा वापत भुक्तानी गर्दा कामको प्रयोजन र चढेको पदाधिकारी/कर्मचारी स्पष्ट गरी उल्लेख गरेको श्रेष्ताबाट देखिएन। गाडी भाडा वापतको रकम सिधै पटके सम्झौता गर्ने चालकलाई EFT मार्फत भुक्तानी गरेको देखिन्छ। अत:पालिकाले गाडी भाडा सम्झौता गर्दा कार्य प्रयोजन समेत स्पष्ट गर्नुपर्ने देखिन्छ।

केहि उदाहरण :

| गो.भ.नं./मिति | विवरण | भुक्तानी भएको सवारी धनी | रकम |
|---|---|---|---|
| ७१५/२०८१।०३।०४ | गाडि भाडा | काशिनाथ भट्टराई | १७७५० |
| ६६१/२०८१।०२।२३ | गाडि भाडा | सुमन कुमार श्रेष्ठ | २२९५० |
| ४९/२०८०।०६।१० | गाडि भाडा | राजेन्द्र नेपाली | ६३०० |
| ४९/२०८०।०६।१० | गाडि भाडा | सुजन गुरुङ | १३५०० |
| ४९/२०८०।०६।१० | गाडि भाडा | सुदिप श्रेष्ठ | २२०५० |
| १७०/२०८०।०८।२९ | गाडि भाडा | सुरेश श्रेष्ठ | २०४७५ |
| **जम्मा** | | | **१०३०२५** |

६९ **खरिद व्यवस्थापन तर्फ :**

६९.१ **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म शिल्डबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यस वर्ष नमुना परीक्षण गर्दा कार्यालय सामाग्री, स्टेशनरी तथा मसलन्द सामाग्री १५ पटकमा रु.१६४६७७२, कम्प्युटर प्रिन्टर लगायतका सामान २० पटकमा रु.२८५२८५५.५० र फर्निचर खरिद ६ पटकमा रु.१९४६२००.१३ को खरिद गरेको देखिन्छ।पालिकाले समान प्रकृतिको खरिदलाई पनि प्रतिस्पर्धी तरिकाबाट आपूर्ति गरिएको देखिएन।यसवाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन।अत:नियमावलीमा भएको व्यवस्था पाल्ना गर्ने तर्फ ध्यान दिनु पर्दछ। केही उदहारण :

| क्र.स | गो.भौ. | खरिदगरिएको मालसामान | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|---|
| १ | ४४०/२०८०।१२।९ | स्टेशनरीतथा कार्यालय सामाग्री | शुभकामनासप्लायर्स | १९८८२३.५ |
| २ | ४४०/२०८०।१२।९ | स्टेशनरी तथा कार्यालय सामाग्री | श्रीकृष्ण स्टेशनरी एण्ड सप्लायर्स | १५९६५७.६ |
| ३ | ९१५/२०८१।०३।२३,९४९/२०८१।०३।२४ | प्रिन्टिङ्ग, छपाई | न्यू सप्तरङ्गी प्रिन्टर्स | २४१७८० |
| ४ | ९७२/२०८१।०३।२४ | औषधीजन्य सामाग्री खरिद | हिमसागर मेडिकल हल, पोखरा | ४९६९१४ |
| ५ | ७५/२०८०/१२/५ (आन्तरिक पुजिगत) | १ नंवडा कार्यालयमा डिजिटल वडापत्र जडान | मुनलाईटटेक्नोलोजि प्रा.लि | १६०००० |
| ६ | ६/२०८०।०६।३०(आन्तरिकपुजीगत) | कम्पुटरप्रिन्टर्स लगायतका सामाग्री | टुडेजकम्पुटर सिस्टम | १०९६६६.५० |
| ७ | 949/2081।03।24 | छपाई सम्बन्धी कार्य | न्यू सप्तरङ्गी प्रिन्टर्स | ८४०४० |
| ८ | 837/2081।03।18 | मसलन्द तथा कार्यालय सामग्री | शुभकामना सप्लार्यस, दमौली | ६५३००० |
| ९ | 741/2081।03।06 | मसलन्द तथा कार्यालय सामग्री | शुभकामना सप्लार्यस, दमौली। | 96648 |
| १० | ३८/२०८०।१०।०३ | मोटर साईकल खरिद | सुभेच्छा अटोवर्क्स,शुक्लागण्डकी-४ तनहुँ | ६०६८५१ |
| ११ | २८९/२०८१।०३।२३ | FZV2DD(compat) मो.सा.१ थान | राहुलइन्टरप्राइजेज,आँबुखैरेनी तनहुँ | ३७४५०० |
| | **जम्मा** | | | **३१८१८८०.६** |

६९.२ **स्पेशिफिकेशन :** सार्वजनिक खरदि ऐन, २०६३ को दफा ५ तथा ऐ. नियमावली, २०६४ को नियम ९ मा १ लाख रुपैया भन्दा बढीको मालसामान खरिद गर्दा यसै ऐन तथा नियमावलीले तोकेबमोजिम स्पेशिफिकेसन तथा लागत अनुमान तयार गरी स्वीकृत गरेर मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी ऐ.एनको दफा ४२ र ऐ. नियमावलीको नियम ८५ मा सोझै खरिद सम्बन्धी व्यवस्था उल्लेख छ । जसमा रु १ लाख भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा सूचीकृत कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने प्रावधान उल्लेख गरिएको छ । गाउँपालिकाले देहायको खरिदमा स्पेशिफिकेशन र लागत अनुमान तयार नगरी सोझै खरिद गरेको देखियो। केही उदहारणहरु:

| क्र.स | गो.भौ. | खरिदगरिएको मालसामान | आपूर्तिकर्ता | रकम |
|---|---|---|---|---|
| १ | ४४०/२०८०।१२।०९ | स्टेशनरीतथा कार्यालय सामाग्री | शुभकामनासप्लायर्स | १९८८२३ |
| २ | ४४०/२०८०।१२।०९ | स्टेशनरी तथा कार्यालय सामाग्री | श्रीकृष्ण स्टेशनरी एण्ड सप्लायर्स | १५९६५७ |
| ३ | ९१५/२०८१।०३।२३,९४९/२०८१। ०३/२४ | प्रिन्टिङ्ग, छपाई | न्यू सप्तरङ्गी प्रिन्टर्स | २४१७८० |
| ४ | ९७२/२०८१।०३।२४ | औषधीजन्य सामाग्री खरिद | हिमसागर मेडिकल हल, पोखरा | ४९६९१४ |
| ५ | ७५/२०८०।१२।०५ (आन्तरिक पुजिगत) | १ नंवडा कार्यालयमा डिजिटल वडापत्र जडान | मुनलाईटटेक्नोलोजि प्रा.लि | १६०००० |
| ६ | ६/२०८०।०६।३०(आन्तरिकपुजीगत) | कम्पुटरप्रिन्टर्स लगायतका सामाग्री | टुडेजकम्पुटर सिस्टम | १०९६६६ |
| | | **जम्मा** | | **१३६६८४१.६०** |

६९.३ **औषधी तथा औषधीजन्य सामाग्री खरिद :** सार्वजनि खरिद ऐन २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद टुक्राउन नहुने व्यवस्था छ । त्यसैगरी ऐ. नियमावली २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक १० लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना बनाउनु पर्ने व्यवस्था छ । गाउँपालिकाले औषधी तथा औषधीजन्य उपकरण खरिद गर्दा खरिद योजन तथा प्याकेज बनाई अधिकतम प्रतिस्पर्धा हुनेगरी बोलपत्रको माध्यामबाट खरिद गर्नुपर्नेमा प्रतिस्पर्धा सीमित हुनेगरी एउटै प्रकृतिको खरिदलाई पनि टुक्रा टुक्रा पारी ल्याब सामाग्री रु.१०७७८१७, दाँत सम्बन्धि सामाग्री रु.५३७७१२, अस्पताल तर्फ सशुल्क औषधि(फारमेशी तर्फ) रु.१९३९००० र स्वास्थ्य चौकी तर्फ(नि:शुल्क) रु.१५४५०००, विपद व्यवस्थापन तर्फ(डेङ्गु नियन्त्रण र जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम तर्फ) रु.४८६८५२, अस्पतालनको सशुल्क(छुट औषधि तर्फ) रु.४९६००० खरिद भएको देखिन्छ। अत:नियमावलीमा भएको व्यवस्था अनुसार वार्षिक खरिद योजना बनाई खरिद कार्य गर्ने तर्फ पालिकाको ध्यान केन्द्रित गर्नुपर्दछ।

६९.४ **औषधिको म्याद :** औषधी खरिद गर्न गरिएको सम्झौतामा आपूर्तिकर्ताले १८ महिना वा ७५ प्रतिशत म्याद भएको औषधी आपूर्ति गर्नुपर्ने भनी उल्लेख छ । स्रेस्ता परिक्षण गर्दा केही औषधीहरु सम्झौता बमोजिम म्याद कायम भएको आपूर्ति भएको देखिएन ।साथै लेखापरीक्षणको अवधिसम्ममा केही औषधिहरुको म्याद समाप्त भएको देखिन्छ।सम्झौताबमोजिको म्याद कायम नभएका औषधीको सम्बन्धमा प्रचलित कानून तथा सम्झौता बमोजिम पालिकाले औषधि व्यवस्थापन गर्नुपर्दछ।केही उदाहरणहरु :

| गो.भौ. 73-2080/10/3 | | कायम हुनुपर्ने म्याद 2025/6 | | गो.भौ. 37-2080/12/8 | | कायम हुनुपर्ने म्याद 2025/5 | |
|---|---|---|---|---|---|---|---|
| **S.N** | **Medicine** | **Quantity** | **Expiry Date** | **S.N** | **Medicine** | **Quantity** | **Expiry Date** |
| 1 | Ofloxacin 200 mg | 1000 tab | 2024/5 | 1 | Acyclovir 400 mg | 500 tab | 2024/10 |
| 2 | Enalapril 2.5 mg | 500 tab | 2025/2 | 2 | Amitoyptylin 25 mg tab | 600 tab | 2024/8 |
| 3 | Atenolol 50 mg | 200 tab | 2024/12 | 3 | Antacid gel | 250 btl | 2025/2 |
| 4 | Oxytocin Injecton | 150 Vial | 2024/10 | 4 | Vitamin B.Complex syp | 200 btl | 2025/2 |
| 5 | Iron Tablet | 10000 tab | 2024/5 | 5 | Beclotime Cream | 20 tube | 2024/9 |
| 6 | Benzocid Acid 30 gm | 250 tube | 2024/8 | 6 | Bifilac Cap | 300 tab | 2024/9 |
| **गो.भौ. 79-2081/3/26** | | **कायम हुनुपर्ने म्याद 2025/7** | | 7 | Bifilac Syp | 30 btl | 2024/7 |
| **S.N** | **Medicine** | **Quantity** | **Expiry Date** | 8 | Birca BM Pead | 150 btl | 2024/11 |
| 1 | Spirolac | 210 tab | 2024/6 | 9 | Budicort 400 | 3 pc | 2024/5 |
| 2 | Urantin 100 | 100 tab | 2024/10 | 10 | Cefexim DS 50 ml | 80 btl | 2024/9 |
| 3 | Glipride 1 mg | 140 tab | 2024/10 | 11 | Cefexim 100 mg | 100 tab | 2024/10 |
| 4 | Viterol tab | 70 tab | 2024/12 | 12 | Etorocoxib 90 mg | 500 tab | 2024/8 |
| 5 | Spirlac F tab | 1000 tab | 2024/11 | 13 | Fevastin PCM inj 100 ml | 570 vial | 2024/10 |
| 6 | Pepsa 10 mg | 1000 tab | 2024/10 | 14 | Fexofenadin 180 | 1100 tab | 2024/8 |
| 7 | Bustop Syp | 50 ph | 2024/11 | 15 | Fexofenadin syrup | 60 btl | 2024/11 |
| | | | | 16 | Fexofenadin 120 | 700 tab | 2024/6 |
| | | **कायम हुनुपर्ने म्याद 2025/11** | | 17 | Fenostride 5 mg | 490 tab | 2024/9 |
| 1 | Mylodip L | 300 tab | 2025/3 | 18 | Foracot 400 | 100 tab | 2024/11 |
| 2 | Premisole L Lotion | 50 btl | 2025/5 | 19 | Fluoxentin 10 mg | 100 tab | 2024/11 |
| 3 | Lucast 100 mg | 150 tab | 2025/2 | 20 | Glimipride 1mg | 3900 tab | 2024/9 |
| | | **कायम हुनुपर्ने म्याद 2026/1** | | 21 | Glimipride 2 mg | 3500 tab | 2025/3 |
| 1 | Zoxamol tab | 1000 tab | 2025/8 | 22 | Hydrocortisone cream | 30 tube | 2025/1 |
| 2 | Maxzide 25 mg | 600 tab | 2025/6 | 23 | Itraconozole 100 mg | 700 tab | 2024/8 |
| 3 | Furantin 100 mg | 600 tab | 2025/5 | 24 | Telmisartan 20 mg | 400 tab | 2024/12 |
| 4 | Neovit 100 mg | 300 tab | 2025/3 | 25 | Easy fix | 1200 tabl | 2025/1 |
| 5 | Sita Pro M 850 mg | 195 tab | 2025/3 | 26 | Losap 25 | 750 tab | 2024/12 |
| 6 | Megavog 0.2 mg | 210 tab | 2025/3 | | | | |
| 7 | Turbo Cream 20 gm | 20 tube | 2025/3 | | | | |
| 8 | Sinozolin Nasal Drop | 99 ph | 2025/4 | | | | |
| 9 | Maxzide 25 mg | 600 tab | 2025/3 | | | | |
| 10 | Premisole Loton 50 ml | 150 btl | 2025/3 | | | | |
| 11 | Coliban Susp 30 ml | 180 btl | 2025/3 | | | | |

६९.५ **खरिद तथा सप्लाईको कार्य उपभोक्ता समिति मार्फत :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्यिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सिर्जना र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्रही

समुदायबाट काम गराउन सक्ने व्यवस्था छ ।पालिकाले उपभोक्ताको सहभागीता नजुट्ने प्रकृतिको काम पनि उपभोक्ता समितिमार्फत गराएको देखिन्छ। पालिकाले यस्तो कार्यमा सुधार गर्नुपर्दछ।केही उदहारण :

| क्र.स. | गो.भौ. | कार्य | उपभोक्ता समितिको नाम | रकम |
|---|---|---|---|---|
| १ | १६८/२०८१।०२।२७ | पाईप खरिद | याम्पा खानेपानी तथा सरसफाई उ.स. | ९९०४५ |
| २ | २४२/२०८१।०३।१८ | मोटर खरिद | माझथर एक घर एक धारा टंकी निर्माण उ.स. | २०३००० |
| ३ | २४६/२०८१।०३।१८ | पाईप खरिद | सोभर्दी खानेपानी मर्मत उ.स. | १३८८० |
| ४ | २५९/२०८१।०३।२० | मोटर खरिद | बाक्से खानेपानी लिफ्टिङ्ग मोटर खरिद उ.स. | ९९००० |

७० **प्रमाण पेश गर्नुपर्ने :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । त्यसैगरी उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।

७०.१ (६०-२०८०-६-१८):

गाउँपालिकाले गोशेली स्पोर्टस, दमौलीबाट रु.४९,६९० बराबरको जर्सी लगायतका खेलकुद सामाग्री खरिद गरेको देखियो।उक्त सामाग्रीहरुको खरिद प्रयोजन स्पष्ट गरी वितरणको भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,६९० |

७०.२ (११२-२०८०-७-१):

ऋषि आयल स्टोर्सले मिति २०८०/७/1 गते पालिकामा इन्धन उपलब्ध गराएबापत रु.१,७४,६२४.७४ को बिल तथा कुपन पेश गरेकोमा पालिकाबाट भुक्तानी गर्दा रु.१,९०,२४२ भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी रु.१५६१७.२५ को प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,६१७ |

७०.३ (५४५-२०८०-१२-३०):

पालिका अध्यक्षको स्वकिय सचिव अमिर गुरुङले पर्यटन प्रवद्धन गर्ने उदेश्यले काठमाण्डौ, भक्तपुर, लगायत विभिन्न स्थानमा विभिन्न व्यक्तिहरुसँगको सहकार्यमा रु.५६५४५ खर्च गरि बन्दिपुरको पर्यटन प्रवद्धन कार्यक्रम सञ्चालन गरेको देखिएकोले कार्यक्रम भएको पुष्टि गर्ने माईनुट लगायतको बिल भरपाई श्रेस्ता साथ संलग्न रहेको देखिएन।अत:उक्त कार्यक्रम भएको पुष्टि गर्ने बिल भरपाई तथा माईनुटको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५६,५४५ |

७०.४ (८७१-२०८१-३-२०):

पालिकाले खरिद गरेको ८० लिटर प्लाष्टिक डस्टविन ९५ पिस, ३० लिटर प्लाष्टिक डष्टविन ११० पिस को मु.अ.कर सहित कालिका प्लाष्टिक उद्योगबाट मु अ कर सहित रु.४९५८१० भुक्तानी भएकोमा लेखापरीक्षण अवधिसम्म वितरणको प्रमाण पेश गरेको देखिएन। अत:उक्त सामानको वितरणको भरपाईको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९५,८१० |

७०.५ (९५५-२०८१-३-२४):

पालिका भित्रका सामुदायिक विद्यालयहरुलाई स्थानीय पाठ्यपुस्तक निर्माण गरी निशुल्क वितरणको लागि रु.४८८७२५ मा आदर्श अफसेट प्रिन्टर्सबाट २५०० प्रति छपाई गरी आपूर्ति गरिएकोमा उक्त पुस्तक सम्बन्धित विद्यालयमा वितरण गरेको भरपाईको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८८,७२५ |

७१ **बिल भरपाई ;**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । त्यसैगरी उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।

७१.१ (३४-२०८१-३-११):

पालिकाले Construction of Athiti Griha (BRM/NCB/WORKS/04/2080-81) को निर्माण कार्य श्री बन्दीपुर मुलपानी विल्डर्स प्रा.लिसँग मिति २०८०/१२/९ मा रु.३७,३९,७०१.५४ मा सम्झौता गरी निर्माण कार्य खरिदमा गाउँपालिकाले प्रोभिजनल सम अन्तर्गतको रकमको भुक्तानी गर्दा निर्माणकर्ताले पेश गरेको वास्तविक खर्चको बिल भरपाईको आधारमा मात्र भुक्तानी गर्नुपर्नेमा स्रेस्ता परिक्षण गर्दा भुक्तानी गरिएको रु ६५,७३४.०५ मध्ये रु १६,१९२.३० को बिमा रसिद मात्र संलग्न गरी भुक्तानी गरिएको देखिएकाले बढी भुक्तानी भएको बाँकी रु. ४९,५४२।- सम्बन्धित निर्माणकर्ताबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,५४२ |

७१.२ (४१-२०८१-३-२०):

पालिकाले Construction of Jestha Nagarik Diwa Sewa Kendra (BRM/NCB/WORKS/05/2080/81)को निर्माणकर्ता बन्दीपुर मुलपानी विल्डर्स प्रा.लीलाई भुक्तानी गर्दा प्रोभिजनल सम बापतको रु.५५,३७३.६४ सो कारोबारलाई प्रमाणीत गर्ने विल तथा भरपाई विना भुक्तानी गरिएको र प्राविधिक मूल्याङ्कन अनुसार अन्तिम विलबाट रु.१९,०७,०८८ भुक्तानी हुनुपर्नेमा रु.१९,०९,००० भुक्तानी भएको देखिएकाले बढी भुक्तानी भएको रु.१९१२ सहित जम्मा रु.५७२८६ सम्बन्धित निर्माणकर्ताबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५७,२८६ |

७१.३ (१६५-२०८१-२-१६):

पालिकाले Upgrading of Dumre-Bandipur Road (BRM/RD/19/2077/78) निर्माण कार्य निर्माणकर्ता काश्यप निर्माण सेवा तथा सप्लायर्स प्रा.लि, कलंकी -१४ काठमाण्डौसँग मिति २०७८/१/२८ मा रु.२,५८,४५,३१७.६१ मा सम्झौता भई अन्तिम विलबापत रु.३०,२१,७०६.५३ भुक्तानी गर्दा प्रोभिजनल सम अन्तर्गतको रकमको भुक्तानी गर्दा निर्माणकर्ताले पेश गरेको वास्तविक खर्चको बिल भरपाईको आधारमा मात्र भुक्तानी गर्नुपर्नेमा उक्त विल विजक नै संलग्न नगरी निर्माण कर्ताको विजकमा एकमुष्ट उल्लेख गरी रु.१००००० भुक्तानी दिएकाले उक्त रकम सम्बन्धित निर्माणकर्ताबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

७२ **बढी भुक्तानी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । त्यसैगरी उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च

लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ ।

७२.१ (४२-२०८०-१०-१६):

पालिकाले Upgrading of Bandipur-Deldada-Lumte-Tamukhola Road (BRM/NCB/WORKS/01/2080/81) कार्यको निर्माण व्यवसायी श्रयस कन्ट्रक्सनलाई First Running Bill भुक्तानी गर्दा प्रोभिजनल सम वापत भुक्तानी भएको रु.५२,४७५.२५ मध्ये विमा प्रिमियम बापतको रु.४८,४५६.९९ को विल मात्र संलग्न गरेको देखिएकाले बिल बिजक विना भुक्तानी भएको रु.४,०१८ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४,०१८ |
|---|---|

७२.२ पालिकाबाट गरिएका देहायका भुक्तानीहरुमा भुक्तानी लिने व्यक्ति, फर्म तथा संस्थाले भुक्तानी माग गरी पेश गरेको बिल, भरपाई तथा कागजात भन्दा भढी भुक्तानी दिइएको देखिएकाले बढी भुक्तानी भएको रकम सम्बन्धित व्यक्ति, फर्म तथा संस्थाबाट असुल गर्नुपर्ने रु.

| क्र.स | गो.भौ. | भुक्तानीको विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी माग गरेको रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी (कर बाहेक) |
|---|---|---|---|---|---|---|
| १ | ५४७/२०८०।१२।३० | वडा नं. १ कार्यालय परिसरमा डोर हाजिरीमा कामदार लगाई सरसफाई कार्य गरेको | वडा सचिव श्री कुमार लम्साल | १०६७२ | ११७८० | ११०८ |
| २ | ६११/२०८१।०२।०३ | सवारी साधन भाडा | तिलक बहादुर मगर गरञ्जा | ६५०० | १३००० | ५८५० |
| ३ | ८९४/२०८१।०३।२१ | सवारी साधनहरु मर्मत खर्च | अविनास अटो केयर, डुम्रे | ३३७८६ | ३६७८६ | ३००० |
| | | **जम्मा** | | | | **९९५८** |

| असुल गर्नुपर्ने | ९,९५८ |
|---|---|

## ७३ पदाधिकारी इन्धन :

गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाई मासीक रुपमा पाउने इन्धन सुविधाको व्यवस्था रहेको र उक्त सुविधावोजिम नगर प्रमुख तथा उपप्रमुखले मासिक ९० लिटरका दरले मासिक इन्धन सुविधा पाउने व्यवस्था रहेको छ । पदाधिकारी सुविधा सम्वन्धी कानुनले तोकिएको मापदण्डभित्र रहि इन्धन खर्च लेख्नुपर्नेमा पालिका अध्यक्ष तथा उपाध्यक्षले मापदण्डको पालना नगरी देहायवमोजिम वढी इन्धन खपत गरेको रु.६१६६२४ देखिन्छ। यसरी तोकिएको मापदण्ड भित्र रही इन्धन खपत गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| पद | नाम | इन्धन खर्च वार्षिक लिटरमा | वार्षिक पाउने | वढि | औषत दर | वढी रकम |
|---|---|---|---|---|---|---|
| अध्यक्ष | श्री सुरेन्द्र बहादुर थापा | ३८६४ | १०८० | २७८४ | १३६ | ३७८६२४ |
| उपाध्यक्ष | श्री पञ्चमाया गुरुङ | २८३० | १०८० | १७५० | १३६ | २३८००० |
| **जम्मा** | | | | | | **६१६६२४** |

**पालिकाको जवाफ :** पालिका संग चालु आ व मा दुइ वटा मात्र चार पाङ्गे सवारी साधन रहेको र उक्त साधनहरु दैनिक कामकाज लगायत योजनाको काममा समेत उपयोग भएकोले उक्त खर्च भएको जवाफ दिएको छ।

## ७४ सामाजिक सुरक्षा तर्फ :

७४.१

**सामाजिक सुरक्षा भत्ता :** सामाजिक रुपमा पछाडि परेका वर्ग,क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा रु.१०६२८३६३८ खर्च गरेको छ । यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक,एकल महिला,विधुवा,बालबालिका र अशक्तहरु समेत २७२९ जना लाभान्वित भएको देखिन्छ । नेपाल सरकारले बजेटमा व्यवस्था गरी जेष्ठ नागरिक,विधुवा,अशक्त तथा दलित वर्गला्इ सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ। आ.व.२०८०।०८१ मा गाउँ कार्यपालिकाको केन्द्रिय हिसाबबाट ६ वटै वडाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्न प्रथम त्रैमासिकमा रु.२६२१६८६०।- दोश्रो त्रैमासिकमा रु.२६५२९२०४।- तेश्रो त्रैमासिकमा रु.२६६४४४५४।- र अन्तिम त्रैमासिकमा रु.२६८९३१२० गरी जम्मा रु.१०६२८३६३८ निकासा तथा खर्च लेखाङ्कन गरेको छ ।

**सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका अन्य व्यहोराहरु:**

• स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका पालिकाका अतिरिक्त सम्बन्धित वडा पालिकामा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तहको पालिकामा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाईं नगरी लाभग्राही सूची अनुसार भत्ता वितरण गरेको छ।

• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा २७ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरण व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।

७४.२ **मृत्यु पश्चात भत्ता विवरण :** सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई मृत्यु भएको दिन देखि भत्ता निकासा रोक्नु पर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक भत्ता वितरण गर्दा देहायका व्यक्तिको मृत्यु पश्चात पनि भत्ता निकासा गरेको देखियो। यसरी मृत्यु पश्चात वितरण भएको सामाजिक सुरक्षा भत्ता असुल गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| वडा नं. | नाम | मृत्यु मिति | मृत्यु दर्ता मिति | नागरिकता नं | सा सु भत्ता जानुपर्ने रु. | सा सु भत्ता गएको रु. | फिर्ता रु. |
|---|---|---|---|---|---|---|---|
| १ | तिल बहादुर मगर | २०८०।०८।११ | २०८०।१०।१६ | ४०८४ | ६००० | १२००० | ६००० |
| २ | हर्क बहादुर गुरुङ | २०८०।१०।१७ | २०८०।१०।२२ | ३२७८ | ३००० | १२००० | ९००० |
| जम्मा | | | | | | | १५००० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **६,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

७५ **पवित्र मा बी होस्टल निर्माणः**

संघीय सशर्त अनुदान अन्तर्गत केन्द्रबाट छनौट भएका नमूना विद्यालय तथा विशेष विद्यालयको भवन निर्माण तथा पूर्वाधार व्यवस्थापन अनुदान अन्तर्गत स्वीकृत कार्ययोजना अनुसार विद्यालयको होस्टल निर्माण कार्य गर्ने १ करोड विनियोजन भएकोमा विद्यालय छात्रावासको सिभिल र ईलेक्ट्रिकल्स कार्यको मू.अ कर, पिएस तथा कन्टिन्जेन्सी सहित रु १०३५३५०९ लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेको देखिन्छ । पवित्रा मा वि र माँयादेवी कन्स्ट्रक्सन एण्ड इक्वूपमेन्ट बीच मिति २०८१।३।१० सम्म निर्माण सम्पन्न गर्ने रु ६९५४१८२( ३२ प्रतिशत घटी) मा मिति २०८०।१०।१० गते निर्माण सम्झौता भएको देखिन्छ ।निर्माण व्यवसायीको पहिलो रनिङ्ग विल रु ३१८५२३९ र अन्तिम रनिङ्ग विल रु ३७०४९८० बाट जम्मा रु ६८९०२१९ भुक्तानी लगी कार्य सम्पन्न गरेको देखिन्छ ।विद्यालयले ठेक्का घटीमा गई बाँकी रहेको रकमको प्रभु कौशिक निर्माण सेवा बाट कोटेशन माग गरी रु ९५०२२३ को ईटा ग्राहो लगाउने कार्य तथा सिल कोटेशन माग गरी क्लिनसट कन्स्क्ट्रन प्र.लि बाट रु १६८३२२६ को रिटेनिङ्ग विल निर्माण गर्ने सम्झौता गरी कार्य गरेको देखिन्छ । यसरी हेदा विद्यालयको आर.सी.सी कार्य तथा ईट्टाको ग्राहो जडान गर्ने कार्यको लागत अनुमान तयार भएकोमा पछि ठेक्का घटीमा भएको कारण खर्च हुन नसकेको रकम पुन टुक्रे खरिद गरेको देखिन्छ । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ मा खरिदलाई प्रतिस्पर्धा कमजोर हुने गरी टुक्रा गर्ने नपाइने उल्लेख छ साथै नियम ११९ मा निर्माण कार्यको दैरान केही कार्य गर्ने अति आवश्यक भएमा अधिकार प्राप्त अधिकारीले भेरियसन आदेश जारी गरी विर्ता भएको दरमा थप भएको कार्य गराउन सक्ने कानूनी प्रावधान भएकोमा विद्यालयले शुरु लागत अनुमान तयार गर्दा प्याकेजमै निर्माण कार्य समावेश गर्नुपर्नेमा अलग अलग निर्माण व्यवसायी बाट कोटेशन माग गरी कार्य गरेको देखिन्छ ।यसरी विद्यालयलाई भेरियसन आदेश जारी गरेर भएपनि एकै निर्माण व्यवसायीबाट तोकीएको निर्माण कार्य गराउनुपर्नेमा सो नगरेको कारण कोटेशन माग गरी भएको कार्य नियमित मान्न नसकिएको रु

| | |
|---|---|
| अनियमित भएको | २६,३३,४८९ |

७६ **ठेक्का व्यवस्थाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ ।यस वर्ष लगाएका निम्न ठेक्का मध्ये लागत अनुमान भन् ६ देखि ४१ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका योजनाको विवरण देहायमा छन् ।

| क्र स | योजनाको नाम | ठेक्का नं | लागत अनुमान | कबोल अङ्क | प्रतिशत घटी/वढी |
|---|---|---|---|---|---|
| १ | डेलडाँडा लुम्टे तमुखोला मार्ग प्रदेश समपूरक( श्रेयस कन्स्ट्रक्सन) | ०१।०८०।०८१ | ८३२९००० | ५८२७३८० | ३०.०४ |
| २ | बन्दीपुर बाहुनडाँडा भन्ज्याङ्ग झारपानी धारमपानी( प्रेम कन्सक्ट्रक्सन) | ०२।०८०।०८१ | १५९९५५५७ | ९४३४२०९ | ४१ |
| ३ | बन्दिपुर खहरे सेरेटार सडक ( छिम्केश्वारी रेडिमिक्स) | ०३।०८०।०८१ | १५९९९८८६ | १०८४९८७३ | ३२.१९ |
| ४ | जेष्ठ नागरिक दिवा सेवा केन्द्र संघीय विशेष( बन्दिपुर मुलपानी विल्डर्स) | ०५।०८००८१ | ४०५०५५२ | ३४४२७०१ | १५ |
| ५ | अतिथि गृह निर्माण( बन्दीपुर मुलपानी विल्डर्स) | ०४।०८०।०८१ | ४०५०५५२ | ३७३९७०१ | ७.६७ |
| ६ | बन्दीपर रिङ्गरोड( जग्दम्बा कन्स्ट्रक्सन) | ०६।०८०।०८१ | ३९९९८३७ | ३६३०६४३ | ९.२३ |
| ७ | बन्दिपुर चौकी देखि अस्पताल सम्म सडक( जग्दम्बन कन्स्ट्रक्सन) | ०७।०८०-०८१ | ३७५२५६८ | ३५०८२४० | ६.५१ |

७७ **अतिथि गृह निर्माणः**

गाँऊपालिका तथा निर्माण व्यवसायी बन्दिपुर मूलपानी विल्डर्स प्रा.लि बिच अतिथि गृह निर्माण गर्ने मू.अ कर सहित रु ४०५०५५२ मा लागत अनुमान तयार गरी मिति २०८०।२।३० गते भित्र निर्माण सम्पन्न हुने गरि मिति २०८१।१२।९ मा रु मू.अ कर सहित रु ३७३९७०१ मा सम्झौता भएको देखिन्छ ।दुई रनिङ्ग विल बाट निर्माण व्यवसायीलाई ३५ लाख भुक्तानी दिएको देखिन्छ ।पालिकाले रनिङ्ग विलको ५ प्रतिशत धरौटी हुने रु ४७१२२ कट्टा गरी भुक्तानी गर्नुपर्नेमा रु ३६९८९ कट्टा गरी भुक्तानी गरेको छ । यसरी रु १०१३३ धरौटी रकम कम कट्टा भएकाले धरौटी फूकुवा गर्दा सोही अनुसार रकम भिडान गरी भुक्तानी दिनुपर्दछ ।विशेष अनुदानमा लागु हुने योजना उद्देश्यमूलक हुनुपर्दछ ।बन्दिपुर गाउँपालिका पर्यटकिय स्थल भएकाले अतिथिलाई पायक पर्ने ठाँउमा निर्माण गर्नुपर्नेमा पालिकाको मूकाम बाट लामो दुरीमा पर्ने वडा नं ६ मा निर्माण गरेको छ ।यसरी अतिथि गृहमा भएको लगानीले वर्तमान तथा भविष्यमा सन्तोषजकक उपलब्धि दिए नदिएबारे यकिन हुने अवस्था रहेन ।साथै, निर्माण सम्पन्न भए पश्चात गृह संचालनमा आउनुपर्नेमा लेखापरिक्षण अवधिसम्म पनि संचालनमा आएको छैन ।तसर्थ, गाँऊपालिकाले अतिथिको लागि निर्माण गरेको गृहमा अभिलेख व्यवस्थापन गरी संचालनमा ल्याउन तर्फ ध्यान दिनुपर्दछ ।

७८ **पुरा हुन बाँकी योजनाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.६४३५७४९५ का ५ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकालाई थप व्ययभार नपर्ने गरी यथाशिघ्र सम्पन्न गर्ने ध्यानाकर्षण हुनुपर्दछ तथा जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| क्र स | अधुरो योजनाको नाम | ठेक्का नं | कबोल अङ्क | सम्झौता मिति | म्याद थप भएको अन्तिम मिति | हालसम्मको भुक्तानी | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|
| १ | बन्दिपुर खहरे सेरोटार सडक( छिम्केश्ववरी रेडिमिक्स) | ३।०८०।०८१ | १०८४९८७३ | २०८०।७।१६ | २०८१।९।३० | ८६१४७५६ | ७९ |
| २ | बन्दीपुर बाहुनडाँडा भन्ज्याङ्ग झारपानी धारमपानी( प्रेम कन्सक्ट्रक्सन) | २।०८०।०८१ | ९४३४२०९ | २०८०।७।२० | २०८०।१२।३० | २०५८३४७ | २२ |
| ३ | बन्दीपर रिङ्गरोड( जग्दम्बा कन्स्ट्रक्सन) | ६।०८०।०८१ | ३६३०६४३ | २०८१।१।२४ | २०८१।९।१५ | ६००००० | १७ |
| ४ | बन्दिपुर चौकी देखि अस्पताल सम्म सडक( जग्दम्बन कन्स्ट्रक्सन) | ०७।०८०-०८१ | ३५०८२४० | २०८१।१।२४ | २०८१।९।१५ | ६९०००० | २० |
| ५ | मणि मुकुन्देश्वरी पदमार्ग (धर्म एस कश्यप जे भी) | २५।०७७।०७८ | ३६९३४५३० | २०७८।६।१२ | २०८१।९।३० | १९३२८१३ | ५ |
| जम्मा रकम | | | ६४३५७४९५ | | | | |

७९ **बन्दिपुर खहरे सेराटार सडक( ठेक्का नं ०३।०८०।०८१)**

पालिका तथा निर्माण व्यवसायी छिम्केश्वरी रेडिमिक्स बीच रु १५९९९८८६ को लागत अनुमान तयार गरी सडक स्तरोन्नती कार्य गर्ने मिति २०८०।१२।३० सम्म निर्माण सम्पन्न गर्ने मिति २०८०।७।१६ गते रु १०८४९८७३ मा सम्झौता गरेको देखिन्छ ।कार्यालयले निर्माण व्यवसायीलाई २०८१।९।३० सम्म कार्य सम्पन्न गर्ने गरी ठेक्का म्याद थप गरेकोमा पालिकाले कार्यसम्पादन जमानत बापत नविल बैक लि को मिति २०८२।४।२० सम्म म्याद भएको रु १०८५००० बैंक जमानत पेश गरेको छ ।यसरी हेर्दा म्याद भएको मितिले

१३ महिना थप सहितको मिति २०२६ फेब्रवरी सम्मको जमानतपत्र पेश गर्नुपर्ने देखिन्छ । पालिकाले मिति २०८१।८।१९ गते निर्माण व्यवसायीलाई कार्यसम्पादन जमानत निवीकरण गर्ने पत्राचार गरेको र निर्माण व्यवसायीले पनि पत्र बझेको देखिन्छ । पत्राचार गरेपछि पनि निर्माण व्यवसायीको कुनै प्रतिकृया प्राप्त नभएको अवस्थामा पालिकाले प्रचलित कानून बमोजिम जमानत जफत गर्न बैंक लाई प्रत्राचार गर्नुपर्नेमा सो गरेको देखिएन।अतः पालिकाले मिति २०८२।१०।३० सम्मको बैक जमानत नवीकरण भएको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,८५,००० |

८० **डुम्रे बन्दिपुर सडक स्तरोन्नती( ठेक्का नं १९।२०७७।०७८)**

निर्माण व्यावसायी कश्यप निर्माण सेवा तथा पालिका बीचमा मिति २०७९।१।३० सम्म सडक स्तरोन्नती कार्य सम्पन्न गर्ने गरी रु २५८४५३१७ मा मिति २०७८।१।२८ गते सम्झौता भएको देखिन्छ ।सम्झौतामा तोकिएको अवधि पछि पनि ३ पटक म्याद थप गरी कार्य गरेकोमा अन्तिम विल पेश गरी निर्माण सम्पन्न गरेको देखिन्छ ।यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छः

८०.१ अन्तिम रनिङ्ग विल रकम रु ३०२१७०६ बाट भुक्तानी लिँदा रु १००००० को पि.एस आइटमको रकम भुक्तानी लिएकोमा सोको प्रमाण पेश नगरेकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असूलउपर गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

८०.२ कार्यालयले भुक्तानी दिँदा सक्कल विल विजक तथा भरपाईको आधारमा भुक्तानी दिनुपर्दछ। पालिकाले यस योजनाको तेस्रो रनिङ्ग विल रु ८३७५४७०, चौथो रनिङ्ग विल रु ३८७२२८३, पाँचौ रनिङ्ग विल रु २३३३७७९ गरी जम्मा रु १४५८१५३२ को डिजिटल जोनेरेटोड विलको फोटोकपी बिल पेश भएको परीक्षण क्रममा देखियो।निर्माण व्यवसायीको पान नं आन्तरिक राजस्व विभागको वेवसाइटमा सर्च गर्दा मू.अ कर समयमै दाखिला गरी सकृय अवस्थामा रहेको देखिन्छ ।तसर्थ, फोटोकपी विल विजक प्रयोग गर्दा दोहोरो भुक्तानी हुन सक्ने जोखिम भएकाले पालिकाले सक्कल विल विजको आधारमा भुक्तानी दिनुपर्दछ ।

८१ **बन्दीपुर बाहुनभन्ज्याङ्ग झारगाँऊ धरमपानी( 05/079-080)**

पालिका तथा निर्माण व्यवसायी सतगुण निर्माण सेवा बीच रु १९४७५२८० लागत अनुमान तयार गरी मिति २०८०।३।३० सम्म निर्माण सम्पन्न गर्ने गरी मिति २०७९।९।१८ गते मा रु १४२३३९५४ को निर्माण सम्झौता भएको देखिन्छ ।पालिकाले गत विगत वर्षको रु ६७६३५९६ तथा यस वर्ष भौचर नं ७ र १६७ बाट रु ६०३६३६२ गरी जम्मा रु १२७९९९५८ खर्च भई वित्तीय प्रगति ९० प्रतिशत भएको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

८१.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क अनुसार स्पस्ट कारण खुलाई निर्माण व्यवसायीबाट लाग्ने अनुमानित समयको विश्लेषण गरी समय थप गर्ने व्यवस्था छ ।पालिकाले निर्माण व्यवसायीलाई मिति २०८१।९।३० सम्म म्याद थप गरेको देखिन्छ । म्याद थपको कारणमा वर्षा मौसम तथा चाडबाड जस्ता कारण देखाई म्याद थप गरेको देखिन्छ ।स्पष्ट कारण विना म्याद थप गर्दै जाने प्रवृतिले गर्दा टाइम ओभररन तथा कस्ट ओभररन जस्ता समस्या आउने भएकाले पर्याप्त विश्लेषण गरी बस्तुनिष्ठ तरिकाले पालिकालाई थप आर्थिक व्यभार नपर्ने गरी म्याद थप गर्नुतर्फ ध्यानाकेर्षण हुनुपर्दछ ।

८१.२ पालिकाले तेस्रो रनिङ्ग विलको भुक्तानी गर्दा भौचर नं ७ बाट रु ६८९५४ कट्टा गर्नुपर्नेमा रु ६७७६९ कट्टा गरेकाले घटी कट्टा गरेको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१८५ |

८१.३ तेस्रो रनिङ्ग विलमा पि.एस आइटममा रिलोकेशन सेवा वापत रु ३०००० भुक्तानी भएको हुँदा आवश्यक प्रमाण पेश नभएकाले प्रमाण पेश हुनुपर्ने अन्यथा असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

८१.४ मू.अ कर ऐन, २०५२ को दफा ६ ग मा ठेक्का सम्झौता भएकोमा मू अ करको ३० प्रतिशत कट्टा गरी भुक्तानी दिनुपर्नेमा पालिकाले निर्माण व्यवसायीलाई तेस्रो रनिङ्ग विलको भुक्तानी दिँदा रु १७६२०१ कट्टा गर्नुपर्नेमा रु १७१२०१ कट्टा गरी भुक्तानी गरेकाले राजस्व कार्यालयबाट कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००० |

८२ **जेष्ठ नागरिक दिवा सेवा केन्द्र ( ठेक्का ०५।०८०।०८१)**

पालिका तथा निर्माण व्यवसायी बन्दिपुर मुलपानी विल्डर्स बीच वडा नं ४ मा मिति २०८०।२।३० गते सम्म जेष्ठ नागरिकको लागि दिवा सेवा केन्द्र सम्पन्न गर्ने गरी मित २०८०।११।२१ गते रु ३४४२७०१ मा सम्झौता भएको देखिन्छ ।निर्माण व्यवसायीले यसै आर्थिक वर्ष भित्र निर्माण सम्पन्न गरी रु ३१८९००० भुक्तानी लगेको देखिन्छ ।यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छनः

८२.१ बडा नं ४ मा अवस्थित जेष्ठ नागरिक दिवा केन्द्र निरीक्षण गर्दा जेष्ठ नागरिक सेवा केन्द्रमा वडा नं ४ को कार्यालय संचालित रहेको, विनियोजित बजेटबाट हल कोठा, भर्याङ्ग निर्माण गरेको भएतापनि हाल संचालनमा रहेको देखिएन।सेवा केन्द्रको शौचालय संचालनमा नरहेको तथा सेवा केन्द्रमा जेष्ठ नागरिकको आगमन न्यन हुने गरेको जस्ता प्रतिकृया प्राप्त भएको ।यसरी संघीय अनुदान जुन प्रयोजनमा प्रयोग हुनुपर्ने हो सो प्रयोजनमा भएको देखिएन ।तसर्थ, सेवा केन्द्रमा भएको लगानीले जेष्ठ नागरिक लाभान्वित भए नभएको बारे पालिकाले स्पष्ट मूल्याङ्कन गर्नुपर्दछ र अनुदानको प्रभावकारी तथा उद्दश्र्यमूलक ढङ्गले परिचालन गर्नुपर्दछ ।

८२.२ दोस्रो रनिङ्ग विल रकम रु १९०९०५८ को भौचर नं ४१ बाट भुक्तानी गर्दा पि एस आइटममा नमुना परीक्षण, साइन बोर्ड तथा अन्य विविध खर्च बापत रु ५५३७३ भुक्तानी भएकोमा कुनै प्रमाण पेश नभएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,३७३ |

८३ **लागत अनुमान :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १४ मा रु.५ करोड सम्मको लागत अनुमान रा प तृतिय श्रेणीको कार्यालय प्रमुखबाट स्वीकृत गर्न सकिने व्यवस्था छ।यस पालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम १५ मा १ करोड रुपैयाँ सम्मको निर्माण कार्यको लागत अनुमान प्रमख प्रशासकीय अधिकृतले र सो भन्दा माथिको लागत अनुमान गाउँपालिका अध्यक्षले स्वीकृत गर्ने व्यवस्था उल्लेख छ । निर्माण कार्यको लागत अनुमान गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरेको देखिन्छ । यस्तो पद्धतिमा सुधार हुनुपर्दछ । केही उदहारण :

| **क्र.स** | **निर्माणकार्य तथा ठेक्काको नाम** | **लागतअनुमान रु.** |
|---|---|---|
| 1 | Upgrading Bandipur Khahare Seratar Sukhaura Road (BRM/NCB/Works/03/2080-81) | १५९९९८८६.६३ |
| २ | Upgrading of Bandipur Khahare Seratar Road (BRM/NCB/WORKS/01/2079/80) | १९९९९१५०.१९ |
| ३ | Upgrading of Bandipur Bahunbhanjyang Dharampani Road (BRM/NCB/WORKS/05/2079/80) | १९९८९६९४.९३ |
| | **जम्मा** | **५५९८८७३१.७५** |

८४ **आन्तरिक श्रोत परिचालन तर्फ :**

नदिजन्य पदार्थ : पालिकाले आफ्नो क्षेत्रभित्र दुई नदि(मस्याङ्दीको १ घाट को उत्खनन योग्य क्षमता ४४१० घनमिटर र सेति नदिको ६ घाटको २७४६८ घनमिटर उत्खनन क्षमता रहेकोमा देखिएको विवरण निम्न छ ।

८४.१ मस्याङ्दी नदिको १ घाटको लागि राष्ट्रियस्तको पत्रिकामा सूचना प्रकाशन गरेको देखिएन ।

८४.२ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शीर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको आय ठेक्कामा पालिकाको पान नं.२०१३४२३५० बाट राजस्व शिर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने रु.

| सि. नं. | कर संकलकको नाम | वापत | भ्याट बाहेक | मू.अ. कर रकम |
|---|---|---|---|---|
| १ | ओम बालाजी मल्टिप्रपोज | वातावरण शुल्क | १६०१००८ | २०८१३१ |
| २ | श्री आकृति एडभरटाइजिङ | विज्ञापन कर | ३६०००० | ४६८०० |
| जम्मा | | | | २५४९३१ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२८** को निर्णयले रू **२००,४३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | २,५४,९३१ |
|---|---|

८४.३ सेति नदिको राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८०।१२।२० मा (एक पटक मात्रसूचना प्रकाशन गर्ने कार्य) भएको र कुनै पनि इच्छुक फर्मको प्रस्ताव परेको देखिएन । अमानतबाट पनि राजस्व परिचालन भएको देखिएन ।

८५ **निर्माण कार्य :**

निर्माण कार्य : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा अपनाउन सक्ने खरिद विधिहरुको व्यवस्था गरिएको छ । साथै सोही दफाको उपदफा २ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पार्न नहुने उल्लेख छ । त्यसैगरी ऐ. नियमावली २०६४ को नियम ३ क. मा सार्वजनिक निकायले खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने गरी तयारी गर्दा अलग अलग रुपमा सम्पन्न गर्न सकिने प्रकृतिको निर्माण कार्यका लागि अधिकतम प्रतिस्पर्धा हुने हदसम्म छुट्टा छुट्टै रुपमा बोलपत्र आह्वान गर्नुपर्ने उल्लेख छ । गाउँपालिकामा यस आ.व. मा सोझै खरिद बिधिमार्फत निर्माण कार्य गर्दा लागत अनुमानको तुलनामा औषतमा जम्मा १.९ प्रतिशत घटीमा सम्झौता भई कार्य भएको देखिन्छ । तर बोलपत्र बिधिमार्फत गरिएको खरिदमा लागत अनुमानको तुलनामा औषतमा १७.३५ प्रतिशत घटीमा सम्झौता भई कार्य भएको देखिन्छ । तसर्थ गाउँपालिकाले खरिद प्रकृयामा अधिकतम प्रतिस्पर्धा गराई पारदर्शि, स्वाच्छता, मितव्ययीपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने गरी खरिद कार्यगर्न तर्फ ध्यान दिनुपर्दछ । केही उदहारण :

| क्र.स. | निर्माण कार्य (सिधै खरिद) | लागत अनुमान | सम्झौता रकम | निर्माण कम्पनी | लागत अनुमान भन्दा घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बन्दीपुर अस्पताल बाटो निर्माण | ९९८००९.९८ | ९६८३८४.६२ | वि.राना जनरल कन्ट्रक्सन | ०.३९ |
| २ | बन्दीपुर अस्पताल निर्माण | ९६६८८२.९६ | ९५५६८९.५९ | शुभम निर्माण सेवा | १.१६ |
| ३ | २ नं वडा कार्यालय सभाहल निर्माण | ९७०३३८.९१ | ९५९८०७.९८ | बन्दीपुर मुलपानी बिल्डर्स प्रा.ली. | १.०९ |
| ४ | माथिल्लो खहरे,देउराली धनटार, मणी कुकुर्दी मोटर मार्ग | ७७७४१२ | ७६२३२१.२८ | पुनर्वास कन्स्ट्रक्सन | १.९८ |
| ५ | आँपकटर केशवटार मोटर मार्ग र लेडी खोल्सामा पर्खाल निर्माण तथा मोटरमार्ग स्तरोन्नती कार्य | ९२५०४७ | ९२२८३६ | उत्सव निर्माण सेवा | ०.१९ |
| ६ | लखनबारी कमलबारी हुँदै सानोभञ्ज्याङ मोटरबाटो स्तरोन्नती | १९४०१४ | १८७०४५.९५ | अधिकारी कन्स्ट्रक्सन प्रा.ली. | ३.५९ |
| ७ | तिलाहार पानी टंकी निर्माण तथा ५ नं. वडा कार्यालय मर्मत | ६४९८८४.९३ | ६१३९२५.६२ | श्रीकृष्ण निर्माण सेवा | ५.५३ |
| ८ | डि आर होम बन्दीपुर मर्मत तथा निर्माण कार्य | ९८७४३८.९२ | ९४८२८२.८९ | कुसुम कन्ट्रक्सन | १.४२ |
| | | | | **औषत घटी** | **१.९१८७५** |
| **क्र.स.** | **निर्माण कार्य (ठेक्का प्रकृयामार्फत खरिद)** | **लागत अनुमान** | **सम्झौता रकम** | **निर्माण कम्पनी** | **लागत अनुमान भन्दा घटी प्रतिशत** |
| १ | Upgrading of Bandipur Bahunbhajyang Dharampani Road | १९९८९६९४.९३ | १४२३३९५४.७८ | सतगुण निर्माण सेवा | २६.९१ |
| २ | Upgrading of Bandipur Khahare Seratar Road | १९९९९१५०.१९ | १५५२१३८५.४६ | सतगुण निर्माण सेवा | २०.३५ |
| ३ | Upgrading of Bandipur Deldada Lumte Tamukhola Road | ८३२९००० | ४४४९५७० | श्रयस कन्ट्रक्सन | २८.१९ |
| ४ | Construction of Atithi Griha | ३४९९९८९.५४ | ३२९४४४४.९२ | आरिच एम एच कन्स्ट्रक्सन | ३.४ |
| ५ | Construction of Atithi Griha | ४०५०५५२.९६ | ३७३९७०१.५४ | बन्दीपुर मुलपानी विल्डर्स | ५.२८ |
| ६ | Construction of Jestha Nagarik Diwa Sewa Kendra | ४४१०८२७.९९ | ३४४२७०१.३८ | बन्दीपुर मुलपानी | १९.९५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विल्डर्स | |
| | | | | **औषत घटी** | **१७.३५** |

८६ **आनुपातिक कट्टी :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत काम गराउने सम्बन्धी कार्यविधिको व्यवस्था गरिएको छ । जसमा कार्यसम्पन्न पश्चात मु.अ.कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र उपभोक्ता समितिलाई भुक्तानी दिनुपर्ने व्यवस्था छ ।पालिकाले देहायका उपभोक्ता समितिलाई भुक्तानी दिँदा जनसहभागिताबापतको अंश कट्टा नगरि/न्यून अंश मात्र कट्टा गरी भुक्तानी गरेको देखिएकोले देहायको उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| **क्र.स.** | **उपभोक्तासमितिको नाम** | **बढी भुक्तानी भएको रकम** |
|---|---|---|
| १ | २११/२०८१/३/११पुरानो साराङ्घाट खानेपानी मर्मत उ.स. | ६९८६ |
| २ | ३०७/२०८१/०३/२४ लेडि खोल्सी सिमपाखा खानेपानी पाईप खरिद उ.स. | १५०० |
| | **जम्मा** | **८४८६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४८६ |

८७ **कन्टिन्जेन्सी खर्च :**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको आर्थिक संकेत वर्गीकरण र व्याख्या अनुरुप अर्थ मन्त्रालयबाट बजेट विनियोजन हुने इन्धन, सूचना प्रकाशन, दैनिक तथा भम्रण भत्ता, मर्मत, ज्याला लगायतका कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकावाट प्राप्त विवरण अनुसार कन्टिन्जेन्सी वापत रु.११०४७५१ खर्च गरेको देखिन्छ ।पालिकाले नियममा भएको व्यवस्था बमोजिम तोकिएको अनुपातमा बार्षिक बजेट बिनियोजनमा नपरेका वर्कचार्ज र सानातिना अन्य कार्यमा मात्र कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ । पालिकाले कन्टिजेन्सी खर्चलाई सम्बन्धित योजनाहरुको काममा खर्च गरी योजना संग असम्बन्धित खर्चहरु नियन्त्रण गर्नुपर्ने देखिन्छ।

| **खर्चको विवरण** | **रकम** |
|---|---|
| खाजा खाना खर्च | ५१९८३६ |
| दैनिक भ्रमण भत्ता | ७१०५० |
| पत्रपत्रिका छपाई | ४५८४०० |
| मर्मत | १७१८० |
| मसलन्दतथा कार्यालय सामाग्री | ३२२८५ |
| संचार | ६००० |
| **जम्मा** | **११०४७५१** |

८८ **प्रोत्साहन भत्ता :**

बन्दीपुर अस्पतालमा कार्यरत चिकित्सकहरुलाई प्रोत्साहन भत्ता वितरण गरिएकोमा देहायका व्यहोरा देखिएका छन :

८८.१ चिकित्सक प्रोत्साहन भत्ता कार्यविधि २०८० को दफा ३ मा अस्पताल प्रमुखको रुपमा मेडिकल सुपरिटेन्डेन वा निमित्त मे.सु. को पदमा कार्यरत स्थायी वा करार चिकित्सकलाई अतिरिक्त प्रतिमहिना थप रु १०,०००भत्ता उपलब्ध गराइने उल्लेख छ । बन्दीपुर अस्पताल बन्दीपुर गाउँपालिकाको मातहतमा रहेको, अस्पताललाई तथा अस्पतालका मे.सु लाई छुटै आर्थिक अधिकार नभएको,

सामान्य प्रशासकीय रेखदेख तथा सञ्चालन तथा खरिद व्यवस्थापन लगायतका काम गाउँपालिकाबाटै गरिँदै आएको अवस्थामा पनि स्वास्थ्य संस्थाको प्रमुखलाई अतिरिक्त भत्ता दिनु मित्तव्ययी देखिदैन यसबाट अस्पताल तथा समग्र पालिकालाई वार्षिक रु १,२०,००० अतिरिक्त व्ययभार पर्न जाने देखिन्छ । यसतर्फ गाउँपालिकाले ध्यान दिनुपर्छ ।

८८.२ अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका २०७५ को बुँदा नं ७.१.४ मा विद्युतीय हाजिर प्रणाली अनिवार्य लागु भएको अवस्थामा मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउन मिल्ने उल्लेख छ । तर अस्पतालमा विद्युतीय हाजिरी प्रणाली लागु नै गरिएको छैन । प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड तथा शर्त पुरा नगरी सुविधा उपलब्ध गराउनु कानूनसम्बत देखिदैन । यसबाट पालिका तथा अस्पताललाई थप रु.५,२३,१०० आर्थिक भार पर्न गएको देखिन्छ ।

८८.३ पालिकाले चिकित्सकलाई प्रोत्साहन गर्न तथा गुणस्तरीय स्वास्थ्य सेवालाई छिटो,छरितो र मित्तव्ययी बनाउन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलबाट स्वीकृत "विस्तारित अस्पताल सेवा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि,२०७७" बमोजिम अस्पतालको नियमित समय बाहेकको अतिरिक्त समयमा Extended Health Service सञ्चालन गर्ने र कार्यविधिमा तोकिएबमोजिम सेवाशुल्क निर्धारण गरी संकलित रकम चिकित्सक, स्वास्थ्यकर्मीलाई बाँडफाड गरी प्रोत्साहन स्वरुप वितरण गर्दा आर्थिक रुपमा पालिका र अस्पताललाई आर्थिक रुपमा दीर्घकालमा अतिरिक्त भार नपर्ने देखिन्छ। चिकित्सक एवं स्वास्थ्यकर्मी प्रोत्साहन कार्य व्यवहारिक र वैज्ञानिक हुन जान्छ।

८९ **पाइप जडानः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले भुक्तानी गर्दा प्राविधिक नापजाँच पश्चात नापी किताबको उल्लेख भएको कार्यको भुक्तानी गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खर्च प्रभावकारी रुपमा परिचालन भई सोकोलाभ जनस्तरमा पुग्नुपर्दछ ।पालिकाले निम्न पाइप खरिद गरी वितरण गरेको प्रमाण पेश नभएको ।तसर्थ, जडान भएको नापी सहितको प्राविधिक मूल्याङ्कन पेश गर्नुपर्ने रु

| भौचर नं | पाइपको विवरण | दर | परिमाण मिटर | रकम |
|---|---|---|---|---|
| २९४।२०८१।३।२३ | 200 MM HDPP pipe PN 10 | २९२ | ३१७ | ९२५६४ |
| | 40 MM HDPP pipe PN 10 | २९२ | ६४२ | १८७६२४ |
| | 32 MM HDPP pipe PN 10 | २९२ | १२८ | ३७४४९ |
| | 25 MM HDPP pipe PN 10 | २९२ | १९.१७ | ५५९७ |
| | कूल ११६७ के.जी पाइप | | | ३२३२३४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२३,२६४ |

९० **हेभी मेशिनको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न पाइने छैन तथा हेभी मेशिनप्रयोग गर्नुपर्ने भएमा लागत अनुमान तयारी गर्ने समयमानै प्राविधिक पुस्ट्याई सहित गर्नुपर्ने भनी व्यवस्था गरेको छ ।नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले निम्न उपभोक्ता समितिलाई सडक मर्मत कार्यको लागि निर्माण व्यवसायीको उपयोग गरी हेभि इक्विपमेन्ट प्रयोग गरेको देखियो। उपभोक्ता समितिले मेशिन प्रयोग गर्ने कुनै अनुमति माग गरेको तथा लागत अनुमान तयार गर्दा प्राविधिक राय सहितको विवरण उपलब्ध नभएकाले नियमावलीको पालना भएको देखिएन । नियम ९७ अनुसार स्थानीय स्तरमा रोगजारी सृजना हुने कार्यमा उपभोक्ता समितिलाई कार्य दिनुपर्नेमा यसरी निर्माण व्यवसायीलाई जिम्मा दिँदा स्थानीय स्तरमा रोजगारी प्रावर्द्धन नुहने तथा कार्यमा दिगोपना र अपनवत्व पनि नहुने भएकाले त्यस तर्फ पालिकाको ध्यान जानुपर्दछ ।केही उदाहरणः

| भौचर नं | उपभोक्ता समिति | लागत अनुमान | निर्माण सेवा | मू.अ कर विजक |
|---|---|---|---|---|
| २७ | बेल भन्ज्याङ्ग बानियाटार मोटर मार्ग उ स | १०७७९०९ | श्री कृष्ण निर्माण सेवा | ३२४३१ |
| २९ | पिपलथोक पहिरो नियन्त्रण उ स | २१५८१५ | श्री जि.एन बन्दिपुर कन्सक्ट्रसन | ९००० |
| ९२ | पिप्ले चौचारी भन्ज्याङ्ग जुमडाँडा पक्की नाला उ स | ४३१५१९ | डि एन बन्दीपुर कन्सक्ट्रसन | ९६५० |
| ५३ | ढाँडगाउँ मोटर मार्ग स्तरोन्नती उस | ३२६५०५ | डि एन बन्दिपुर कन्सक्ट्रसन | ११२४५२ |

९१ **फर्मा वक्समा वढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत जिल्ला दररेट तथा विभागिय नर्म्स तथा स्पेशिफिकेसनको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।पलिकाले निम्न भौचर नं बाट भुक्तानी दिँदा फर्माको समेत भुक्तानी दिएको देखिन्छ । लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनमा फर्मा कार्यको रकम समावेश हुने भएकोमा नमुना छनौटको आधारमा परीक्षण गरिएका निम्न योजनामा पूनः फर्माको भुक्तानी भएकाले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| भौचर नं | उपभोक्ता समितिको नाम | मूल्याङ्कन रकम | फर्मा कार्य घ.मी | दर | भुक्तानी |
|---|---|---|---|---|---|
| ५२ | पिप्ले चौतारा भन्ज्याङ्ग जुमडाँडा पक्की सडक उस | ४३१५१९ | ४८ | ४७१.६ | २२६४१ |
| ६४ | गुरुङ्ग टार भित्री मार्ग उस | ५४१८१० | २७.२४ | ४६९.५१ | १२७८९ |
| ९३ | भूल्याई मार्ग उ.स | ५४०५२० | ४५.६५ | ४५१ | २५३८४ |
| १४३ | रिमाल्नी भँडाटार विमिरे हुँदै पोखरेल हिँडि उस | ९७४७९९ | ९१ | ४५१ | ४१०४४ |
| १२९ | धारापानी कुवादी कुकुर्दी मोटर मार्ग उस | १०६७१३९ | १२० | ४७१ | ५६६०१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५८,४५९ |

९२ **दर विश्लेषण फरक पारी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र १० मा स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गर्नुपर्ने तथा नियम १२३ मा प्राविधिक नापँजाचको आधारमा स्वीकृत नर्म्स भन्दा वढी नहुने गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्न भौचर नं बाट दर विश्लेषण भन्दा वढी रकमले भुक्तानी दिएको हुँदा वढी भुक्तानी रकम सम्बन्धित बाट असूलउपर गर्नुपर्ने रु

| भौचर नं | उ.स को नाम | परिमाण | कार्य | मूल्याङ्कन रकम | हुनुपर्ने दर | दर विश्लेषण अनुसार भएको दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ८५।२०८०।१२। १६ | छपेनी सामुदायिक भवन | १८१.२० व.मी | Plaster 1:4 | ३२३९४३ | ३२८.१० | ३३३.९२ | १०५५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०५५ |

९३ **उपभोक्ता समितिलाई वढी मू.अ करः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको विल भरपाई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । तनहुँ जिल्लाको २०८०।०८१ को जिल्ला दररेटमा तोकिएको सिमेन्ट, सरिया, ईट्टा तथा जस्ता पताको मूल्यमा मू अ कर लाग्ने भए सोसमेत कायम गरी लागत अनुमान तयार गर्नुपर्ने भएतापनि देहायका उपभोक्तालाई सोही दरमा मु.अ.क. सहित भुक्तानी दिएको र उपभोक्ता समितिले न्युन परिमाणको विजक पेश गरेकाले उपभोक्ता समितिलाई लागत अनुमानमा तय भएको मू.अ कर वढी भुक्तानी भएको देखिँदा सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| गो भौ न। मिति | उपभोक्ता समिति | | मूल्याङ्कन भएको रकम | मूल्याङ्कन अनुमान अनुसार हुनपर्ने रकम | उपभोक्ताले पेश गरेको विजक असुसार | फरक रकम |
|---|---|---|---|---|---|---|
| ३९ | खड्का देवी मार्ग उ.स | सिमेन्ट | ५४६४०५ | ११७८३६ | ११२६१५ | ५२२० |
| ६४ | गुरुङ्ग टार भित्री मार्ग उ.स | सिमेन्ट | ५४१८१० | १०६६५० | १०२९२० | ३७२९ |
| १२९ | धारापानी कुवादी कुकुर्दी मोटर मार्ग उ.स | सिमेन्ट | १०६७१३९ | २४९८३९ | २०८८२४ | ४१०१५ |
| २६६ | कल्नेरी आमा समूह भवन निर्माण उस | सिमेन्ट | ६३५८३३ | ११४१०७ | १०४४१२ | ९६९५ |
| | | | | | असुल गर्नुपर्ने | ५९,६५९ |

९४ **ढुवानी करः**

आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा आयमा १० प्रतिशत कर लाग्ने व्यवस्था छ ।पालिकाले निम्न भौचर नं बाट उपभोक्ता समितिलाई भुक्तानी दिँदा लिड दिएकोमा सोमा बहाल कर बापत रकम असुलउपर गर्नुपर्ने रु

| भौचर नं | उपभोक्ता समिति | परिमाण | कार्य | हुनुपर्ने दर | दर विश्लेषण अनुसार भएको | फरक रकम (ढुवानी दिएको) | १०% बहाल कर |
|---|---|---|---|---|---|---|---|
| १८१।२०८१।२।२३ | साराङ्गघाट सामुदायिक भवन अधुरो उस | ५.१३ | M10 | ८९६३ | १०००२ | १०३९ | १०४ |
| | | ६.४४ | Stone Masorney 1:6 | ९४३२ | ९७४२ | ३१० | ३१ |
| | | ५.९९ | Brick Works 1:4 | ११९९७ | १३१४७ | ११५० | ११५ |
| २६६।२०८१।३।२१ | कल्नेरी आमा समूह भवन निर्माण उ.स | १९०.२० | Plaster 1:4 | ३४६.७८ | ३५९.०८ | २३३९ | २३४ |
| | | १९.१० | M15 | १२१२५ | १२८८३ | १४४७७ | १४४७ |
| | | १.४ | ईटा १।४ | १२९२० | १४०१५ | १५४५ | १५५ |
| | | | | | | जम्मा | २०८० |
| | | | | | | असुल गर्नुपर्ने | २,०८६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बन्दिपुर गाउँपालिका, तनहुँ , बन्दीपुर गाउँपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | यादवराज आचार्य | २०८१-१-३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | श्री नवेशराज हमाल | २०७९-१२-२६ | २०८०-१२-३० |
| लेखा प्रमुख | श्री कृष्ण प्रसाद बसौला | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,२३१,५२२ | ३२,४२८,३९६ | ९,६४९,९४३ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४३,३०९,८६१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २४७,३२० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४३,०६२,५४१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २०८८४९११५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७२४५००९९ | चालु खर्च | २७३५८८५३४ |
| प्रदेश सरकारबाट अनुदान | १४४९५५२८ | पूँजीगत खर्च | १२८५४०३२४ |
| राजश्व बाँडफाँट | ९३२०६८९५ | वित्तीय/अन्य व्यवस्था | १२११२२३०३ |
| आन्तरिक आय | २१०१२९९९ | | |
| अन्य आय | १२७३१०२४४ | | |
| कुल आय | ५२८४७५७६५ | कुल खर्च | ५२३२५११६१ |
| बाँकी मौज्दात | | २१४०७३७१९ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।